ग्राहक प्रति

वर्ष २० | अंक १६० | काठमाडौं | आइतवार, ३ चैत २०८१ | Sunday, 16 March 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

फ्लोरा एक्स्पोको दोस्रो दिनसम्म ३१ हजारले गरे अवलोकन २
द एशियन बैंकर र काठमाडौं फिनटेकबीच साझेदारी ३
किन आवश्यक छ लघुवित्तमा क्रेडिट प्लस ? ४
स्पेसएक्सले २०२६ को अन्त्यसम्ममा मंगल ग्रहमा स्टारशिप पठाउने ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

उपभोक्ता अदालत सञ्चालन आजबाट

# उपभोक्ताले न्याय कसरी पाउँछन् ?

**प्रशान्त खड्का**

काठमाडौं

उपभोक्ता संरक्षण ऐन जारी भएको ६ वर्षपछि आइतवार (आज) देखि उपभोक्ता अदालत सञ्चालनमा आएको छ। अब कुनै पनि उपभोक्ताले आफू ठगिएको गुनासो लिएर उपभोक्ता अदालतमा मुद्दा हाल्ने र क्षतिपूर्ति पाउने बाटो खुलेको छ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा शनिवार त्रिपुरेश्वरस्थित अदालतको भवन उद्घाटन गरे।

'उपभोक्ताले बजारबाट वस्तु तथा सेवा किन्ने क्रममा विक्रेता वा सेवाप्रदायक संस्थाबाट ठगिएको अनुभूति गरेमा न्यायका लागि उपभोक्ता अदालतमा जान सक्छन्। यो विशेष प्रकारको अदालत हो, जहाँ कालोबजारी र महँगीसम्बन्धी मुद्दाको निरूपण गर्ने र ठगिएका उपभोक्तालाई कानूनबमोजिम क्षतिपूर्ति भराउने काम गरिन्छ,' उद्घाटन सत्रमा बोल्दै प्रधानन्यायाधीश सिंहले भने।

विशेष गरी ३ लाख रुपैयाँभन्दा धेरै जरीवाना र १ वर्षभन्दा बढी कैद सजाय तोक्नुपर्ने खालका मुद्दा यो अदालतले हेर्ने कानूनी व्यवस्था छ। त्योभन्दा कम सजाय हुने मुद्दा वाणिज्य विभागले नै हेर्नेछ।

उद्घाटन कार्यक्रममा बोल्दै प्रधानन्यायाधीश राउतले कुनै पनि विक्रेताले उपभोक्तालाई झुक्याएर न्यून गुणस्तरको वस्तु विक्री गरेमा, मूल्यमा मनोमानी गरेमा र कुनै वस्तु उपभोगका कारण स्वास्थ्यमा प्रतिकूल असर परेमा त्यस्ता मुद्दाहरू यस अदालतले हेर्ने बताए। उनका अनुसार उपभोक्ता संरक्षण ऐन, २०७५ को प्रस्तावनाले विशेष गरी तीनओटा विषयलाई कानून निर्माणको आधारस्तम्भका रूपमा उल्लेख गरेको छ।

'गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने, उपभोक्तालाई प्राप्त हक प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्ने र उपभोक्तालाई हुन सक्ने हानिनोक्सानीबापत क्षतिपूर्ति उपलब्ध गराउने जस्ता विषय यस अदालतले हेर्नेछ,' उनले भने।

गत माघ २१ मा बसेको मन्त्रिपरिषद् बैठकले उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको थियो। सरकारले संविधानको धारा ४४ को मौलिक हक कार्यान्वयन गर्न २०७५ सालमा उपभोक्ता संरक्षण ऐन जारी गरेको थियो। ऐन जारी भइसक्दा पनि अदालत गठन हुन नसक्दा संविधानको उक्त व्यवस्था कार्यान्वयनमा आउन सकेको थिएन। उपभोक्ताले आफू ठगिएको गुनासो लिएर जाने ठाउँ पाएका थिएनन्। अब भने संविधानको धारा ४४ कार्यान्वयन हुनुका साथै उपभोक्ता ठगिएमा उपभोक्ता अदालतमा जान सक्ने बाटो खुलेको छ।

» बाँकी पृष्ठ ५ मा




## पहिलो दिन कम्तीमा तीनओटा मुद्दा

उपभोक्ता अदालतमा पहिलो दिन कम्तीमा तीनओटा मुद्दा दर्ता गर्ने तयारी छ। उपभोक्ता हित संरक्षण मञ्चका महासचिव विष्णु तिमिल्सिनाका अनुसार मञ्चको सहयोगमा ती तीनओटा मुद्दा दर्ता गर्ने योजना छ।

विशाल बजारमा चाँदीको मूर्ति किन्दा उपभोक्ता ठगिएकोसम्बन्धी मुद्दा पहिलो मुद्दाका रूपमा उपभोक्ता अदालतमा दर्ता गरिने मञ्चले जानकारी दिएको छ। काठमाडौंकी सावित्री थापाले १ साताअघि विशाल बजारस्थित एक पसलबाट ४ हजार ६० रुपैयाँमा एउटा चाँदीको मूर्ति किनेकी थिइन्।

फिर्ता गर्नुपरेमा ३ दिनभित्र फिर्ता गर्न सकिने गरी पसलेले उनलाई मूर्ति बेचेको थियो। तीन दिनभित्र उनी उक्त मूर्ति फिर्ता गर्न गइन्। तर, पसलेले मूर्ति फिर्ता लिएर थापालाई २ हजार २५० रुपैयाँ मात्रै फिर्ता दिए।

पूर्वशर्तअनुसार मूर्ति फिर्ता गर्दा आफू ठगिएको भन्दै आज उपभोक्ता अदालतमा मुद्दा दर्ता गर्ने तयारी गरेको थापाले बताइन्।

त्यसैगरी, काठमाडौं मोडल अस्पतालमा डाक्टरको लापरबाहीले विराटनगरकी एक महिलाको मृत्यु भएको दाबी गर्दै अर्को मुद्दा उपभोक्ता अदालतमा दर्ता गर्ने तयारी छ।

काठमाडौंकै एक मोटर कम्पनीबाट गाडी किन्दा उपभोक्ता ठगिएको सम्बन्धी मुद्दा पनि आइतवार उपभोक्ता अदालतमा दर्ता हुने मञ्चले बताएको छ। अन्य पीडितले पनि थप मुद्दा दर्ता गर्न सक्ने तिमिल्सिनाले बताए।

## कफीले पोल्दा स्टारबक्सलाई झन्डै ७ अर्ब रुपैयाँ तिर्न आदेश

काठमाडौं। स्टारबक्सको कफी वितरण गर्ने क्रममा कफी पोखिएर डेलिभरी ड्राइभर घाइते भएपछि क्यालिफोर्नियाको एक अदालतले ती ड्राइभरलाई ५ करोड डलर (६ अर्ब ९७ करोड रुपैयाँभन्दा बढी क्षतिपूर्ति तिर्न कम्पनीलाई आदेश दिएको छ।

स्टारबक्स पकाएको कफी बेच्ने बहुराष्ट्रिय कम्पनी हो। संसारभर यसका आउटलेट छन्। स्टारबक्सले कफी वितरण गर्ने भाँडोको बिर्को राम्री नकस्दा पोखिएर डेलिभरी ड्राइभरमाथि पोखिएको ठहर गर्दै ठूलो रकम क्षतिपूर्ति दिन आदेश दिएको हो।

सन् २०२० मा माइकल गार्सिया नामक डेलिभरी ड्राइभरले उक्त कफी डेलिभरीका लागि लस एन्जेलस जाँदै गर्दा कफी उनको काखमा पोखिएको थियो। त्यसबाट उनी गम्भीर रूपमा जलेका थिए। उनको गोप्य अंगमा कफीले पोलेर जननेन्द्रिय कमजोर पार्ने गरी नशामा असर परेको थियो। मुद्दाको बयानमा गार्सियाका वकिल माइकल पार्करले भने, 'स्टारबक्सले आफ्नो उत्पादन सुरक्षामा लापरबाही गरेपछि नै यस्तो दुर्घटना भयो। यो कम्पनीको जिम्मेवारी हो।' क्यालिफोर्निया अदालतको उक्त फैसलाविरुद्ध स्टारबक्सले पुनरावेदन गर्ने योजना बनाएको छ। कम्पनीका प्रवक्ताले भने, 'हामी सुरक्षा मापदण्डकै पक्षमा छौं। यसलाई हामी अदालतमै चुनौती दिनेछौं।'

यो मुद्दा सन् १९९४ मा अर्को प्रख्यात कम्पनी-म्याकडोनाल्ड्सविरुद्ध भएको प्रख्यात मुद्दासँग मिल्दोजुल्दो छ। उक्त मुद्दामा एक महिलाले काखमा कफी पोखिएपछि अदालतको आदेशबाट ३० लाख डलर क्षतिपूर्ति पाएकी थिइन्। *एजेन्सी*

# सहकारीमा बचत सीमाको प्रावधान हटाइयो

### सहकारीका संघसंस्थाहरूको चर्को लबिइङपछि अध्यादेशमा राखिएको प्रावधान हटाएर संसद्मा प्रतिस्थापन विधेयक दर्ता

| अध्यादेशको प्रावधान | प्रतिस्थापन विधेयकको प्रावधान |
|---|---|
| कुनै पनि व्यक्ति बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन र बहाल रहन सक्ने छैन । | कुनै पनि व्यक्ति कुनै पनि तहको सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा समितिको संयोजक पदमा दुई कार्यकालभन्दा बढी अवधिका लागि निर्वाचित हुन सक्ने छैन । |
| सहकारी संस्थामा देहायको सीमासम्म व्यक्तिगत बचत रकम जम्मा गर्न सक्नेछ : एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा ५० लाख रुपैयाँसम्म, एक जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा २५ लाख रूपैयाँसम्म, बढीमा एक जिल्लाभित्र कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा १० लाख रुपैयाँसम्म । | सहकारी संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित सहकारी संस्थाको प्राथमिक पूँजीकोषको १० प्रतिशतसम्म हुन सक्नेछ। व्यक्तिको बचतको सीमा प्राधिकरणले मापदण्ड बनाई आवश्यकताअनुसार हेरफेर गर्न सक्नेछ । |
| प्राधिकरणको अध्यक्ष र सदस्य सिफारिश समितिको सदस्यमा पूर्वगभर्नरमध्ये एक जना । | प्राधिकरणको अध्यक्ष र सदस्य सिफारिश समितिको सदस्यमा पूर्वअर्थसचिवमध्ये एक जना । |
| संस्था समस्याग्रस्त घोषणा गर्न २५ प्रतिशत सदस्यले उजुरी दिनुपर्ने । | संस्था समस्याग्रस्त घोषणा गर्न १० प्रतिशत सदस्यले उजुरी दिनुपर्ने । |

**यादव हुमागाई**

काठमाडौं

अध्यादेशमार्फत बचत तथा ऋण सहकारी संस्थामा तोकिएको व्यक्तिगत बचतको सीमा कार्यान्वयन नहुँदै उक्त प्रावधान प्रतिस्थापन विधेयकमार्फत हटाउन खोजिएको छ।

सरकारले पुस दोस्रो साता अध्यादेशमार्फत सहकारी ऐन संशोधन गरी सहकारी संस्थाको कार्यक्षेत्रको आधारमा ती संस्थामा १० लाखदेखि ५० लाख रुपैयाँसम्म व्यक्तिगत बचतको सीमा तोकेको थियो। यसअनुसार एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा ५० लाख रुपैयाँसम्म, एक जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेको संस्थामा २५ लाख रुपैयाँसम्म र एक जिल्लाभित्र कार्यक्षेत्र रहेको संस्थामा १० लाख रुपैयाँसम्म मात्र बचत गर्न पाइने व्यवस्था गरेको छ। उक्त व्यवस्था कार्यान्वयनका लागि २ वर्ष समय दिए पनि सरकारले २ महीनामै प्रतिस्थापन विधेयकमार्फत त्यसलाई संशोधन गर्न प्रस्ताव गरेको हो।

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री बलराम अधिकारीले फागुन २६ गते प्रतिस्थापन विधेयक दर्ता गर्दै व्यक्तिगत बचतको सीमा हटाउने प्रस्ताव गरेका हुन्। विधेयकमा सहकारी संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बद्ध सहकारी संस्थाको प्राथमिक पूँजीकोषको १० प्रतिशतसम्म हुन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

विधेयकमा व्यक्तिगत बचतको सीमा तोकिए पनि सहकारीका संघसंस्थाहरूले यसको विरोध गर्दै हटाउन लबिइङ गर्दै आएका थिए। राष्ट्रिय सहकारी महासंघ र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) ले औपचारिक रूपमा यो प्रावधान हटाउन मन्त्रीलाई ज्ञापनपत्र बुझाएका थिए। सहकारीका कार्यक्रमहरूमा बचतको सीमा संशोधन गर्न सकिने बताउँदै आएका मन्त्री अधिकारीले अध्यादेशमार्फत सहकारी संस्थाको पूँजीका आधारमा व्यक्तिको बचतमा सीमा निर्धारण हुने प्रस्ताव गरेका हुन्।

मन्त्रालयका उच्च अधिकारीहरू भने सहकारी अभियन्ताकै दबाबका कारण बचतको सीमाको व्यवस्थाबाट सरकार पछि हटेको बताउँछन्।

» बाँकी पृष्ठ ५ मा

पूर्वविशिष्ट पदाधिकारीलाई सुविधासम्बन्धी कानून

# अगाडि नबढाउन दबाब थपिँदै

**अभियान संवाददाता**

काठमाडौं

पूर्वविशिष्ट पदाधिकारीहरूलाई आजीवन सुविधा दिनेसम्बन्धी कानून निर्माणको काम अघि नबढाउन सरकारमाथि दबाब बढेको छ।

सरकारले पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुखलगायत पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिनेसम्बन्धी कानून निर्माणको गृहकार्य गरिरहेका बेला त्यसलाई अघि नबढाउन सत्तारूढ घटक नेपाली कांग्रेसका शीर्ष नेताहरूबाटै चर्को दबाब पर्न थालेको छ।

कांग्रेस महामन्त्री गगन थापाले राज्यका पूर्वविशिष्टलाई सरकारले मन्त्रिपरिषद्बाट निर्णय गरेर जति चाह्यो त्यति सुविधा र रकम दिने अभ्यास कानून बनाएर रोक्नुपर्ने बताएका छन्। राज्यकोषबाट पैसा बाँड्ने नभई पैसा वितरण रोक्ने कानून बनाउनुपर्ने उनको भनाइ छ। पाँचथर जिल्लामा शनिवार आयोजित कार्यक्रममा थापाले पूर्वविशिष्टहरूलाई सुविधा दिनेबारे सरकारले जनतामा स्पष्ट पार्नुपर्ने बताए। » बाँकी पृष्ठ ५ मा



त्यो मस्यौदा अहिले बेमौसमको बाजाजस्तो किन गरेको होला भनेर हामीले पार्टीभित्र पनि भनिसकेका छौं। यो अहिले जरूरी कुरा होइन।

**पुष्पकमल दाहाल**
अध्यक्ष, नेकपा (माओवादी केन्द्र)




अदालतले कानून बनाएर लागू गर्न निर्देशन दिएकाले अहिलेको मन्त्रिपरिषद्मा सैद्धान्तिक छलफलका लागि गृह मन्त्रालयले प्रस्ताव ल्याएको हो।


**प्रकाशमान सिंह**
उपप्रधान र शहरी विकासमन्त्री




राष्ट्रको ढुकुटीमा ठूलो दबाब छ, सरकारले चाहेका बेलामा मन्त्रिपरिषद्बाट निर्णय गरेर पैसा दिने अभ्यास कानून बनाएर रोक्नुपर्छ।

**गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस




## पेट्रोल र डिजेलको मूल्य घट्यो

काठमाडौं (अस)। नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य घटाएको छ।

निगमले चैत ३ गते बिहानबाट लागू हुने गरी पेट्रोलको ५ रुपैयाँ र डिजेल तथा मट्टीतेलको ४ रुपैयाँ प्रतिलिटरका दरले मूल्य घटाएको हो।

अब काठमाडौं उपत्यकासँगै पोखरा र दिपायलमा पेट्रोल प्रतिलिटर १६३ रुपैयाँमा पाइनेछ। सुर्खेत र दाङमा १६२ तथा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा १६० रुपैयाँ ५० पैसा पर्नेछ।

डिजेल र मट्टीतेलको लागि चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा १४८ रुपैयाँ ५० पैसा, सुर्खेत र दाङमा १५० रुपैयाँ तथा काठमाडौं, पोखरा र दिपायलमा प्रतिलिटर १५१ रुपैयाँ तिर्नुपर्नेछ।

इन्डियन आयल कर्पोरेशनबाट मूल्य घटेर आएपछि निगमले पनि घटाएको हो। निगमले अन्य इन्धनको मूल्य भने यथावत राखेको छ।

'ग्रे लिस्ट'मा नेपाल

# सम्पत्ति शुद्धीकरणको संयन्त्रमा सुधार गर्नु : आईएमएफ

**अभियान संवाददाता**

काठमाडौं

अन्तरराष्ट्रिय मुद्राकोष (आईएमएफ) ले नेपाललाई तत्काल सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा लगानीविरुद्ध कानूनी, नियामकीय र सुपरिवेक्षकीय संयन्त्रमा सुधार गर्न सुझाव दिएको छ।

सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा लगानी नियन्त्रण सम्बन्धमा अन्तरराष्ट्रिय मापदण्ड बनाउने संस्था फाइनान्सियल एक्शन टास्क फोर्स (एफएटीफ) ले हालै नेपाललाई आफ्नो सघन निगरानीको सूची (ग्रे लिस्ट)राखेको सन्दर्भमा आईएमएफले यस्तो सुझाव दिएको हो।

आईएमएफको कार्यकारी बोर्डले आफ्नो विस्तारित कर्जा सुविधा (ईसीएफ) को पाँचौं समीक्षापछि नेपाललाई ४ करोड १४ लाख अमेरिकी डलर (५ अर्ब ८३ करोड रुपैयाँ) दिन मञ्जुर गर्ने क्रममा नेपालले विभिन्न विषयमा गर्नुपर्ने सुधारबारे स्पष्ट पारेको हो।

यसैमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादीमा लगानी नियन्त्रणका लागि तत्काल कदम चाल्न पनि सुझाव दिइएको हो। फेब्रुअरीमा फ्रान्सको पेरिसमा भएको एफएटीफको प्लेनरीपछि मूलतः कानून कार्यान्वयनमा कमजोरी देखाउँदै नेपाललाई खैरो सूचीमा राखिएको हो। खैरो सूचीमा रहेको देशको अन्तरराष्ट्रिय व्यापारको लागत बढ्नेछ। 'खैरो सूचीमा पर्नुको अर्थ उक्त देश भविष्यमा कालोसूचीमै पर्न सक्ने खतरा




रहेको संकेत हुन्छ,' अन्तरराष्ट्रिय मुद्राकोष (आईएमएफ) ले भनेको छ, 'जसले गर्दा संसारका ठूला बैंकहरूसँग करेस्पोन्डिङ बैंकिङ सेवाबाट वञ्चित हुनुपर्ने हुन सक्छ।' करेस्पोन्डिङ बैंकिङ भन्नाले एक बैंकले अर्को बैंकलाई दिने सेवा हो। यसले अन्तरराष्ट्रिय व्यापार र भुक्तानी सहज बनाउँछ।

करेस्पोन्डिङ बैंकिङ नहुँदा अनौपचारिक व्यापारले प्रश्रय पाउँछ र व्यापार ग्रे मार्केटमा जान्छ। सरकारले यस्तो व्यापार नियमन गर्न सक्दैन। करेस्पोन्डिङ बैंकिङ सेवा नमिलेमा विदेशमा रहेका नेपालीलाई विप्रेषण पठाउन पनि कठिन हुन सक्ने आईएमएफले आफ्नो एक प्रकाशनमा उल्लेख गरेको छ।

सन् २०२१ मा आईएमएफको एक प्रतिवेदनले खैरो सूचीमा पर्दा देशमा पूँजी आप्रवाह कुल गार्हस्थ्य उत्पादनको ७ दशमलव ६ प्रतिशतले घट्ने बताएको छ। एफएटीफका अनुसार गत फेब्रुअरीमा नेपालले सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा लगानीविरुद्ध कदममा प्रभावकारिता ल्याउन उच्चस्तरीय राजनीतिक प्रतिबद्धता व्यक्त गरेको छ।

» बाँकी पृष्ठ ५ मा



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको धरहरा भ्रमणमा आएका अवलोकनकर्ता । परीक्षणका रूपमा निःशुल्क खुला गरिएको धरहरा चढ्न अहिले स्वदेशी नागरिकलाई प्रतिव्यक्ति २०० रुपैयाँ शुल्क लाग्ने व्यवस्था गरिएको छ । विद्यार्थी, ज्येष्ठ नागरिक, बालबालिका र अपांगता भएकालाई ५० प्रतिशत छूट दिइएको छ ।**

# फ्लोरा एक्स्पोको दोस्रो दिनसम्म ३१ हजारले गरे अवलोकन

**अभियान संवाददाता**
काठमाडौं

काठमाडौंको भृकुटीमण्डपमा शुक्रवारदेखि जारी २६औं फ्लोरा एक्स्पोमा दोस्रो दिनसम्म ३१ हजारभन्दा बढीले अवलोकन गरेका छन् भने ५८ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको छ । सोमवारसम्म चल्ने उक्त पुष्प मेला ६० हजारले अवलोकन गर्ने र एक करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने अनुमान गरिएको फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान)ले बताएको छ ।

फ्लोरा एक्स्पो 'स्वच्छ वातावरण तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने नाराका साथ शुरू भएको हो । मेला बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले उद्घाटन गरेका थिए । अवलोकनपछि पुष्प व्यवसायीसँग कुरा गर्दै उनले स्मार्ट फार्मिङका लागि बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाउँदै त्यसका लागि ठोस प्रस्ताव पेश गर्न अनुरोध गरेका थिए ।

पुष्पले नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँदै आएको भन्दै मन्त्री श्रेष्ठले फूलमा आत्मनिर्भर हुन उत्पादनमा जोड दिनुपर्ने औंल्याए । पुष्प व्यवसायी तथा किसानसँगको छलफलमा आफूले यस व्यवसायका समस्याबारे जानकारी लिएको उनले बताए ।

पुष्प व्यवसायलाई आधुनिकीकरण गर्दै आत्मनिर्भर बनाउनुपर्ने र पुष्प क्षेत्रमा चुनौती भए पनि अवसर धेरै रहेको मन्त्री श्रेष्ठले बताए। मेलामा व्यावसायिक ६७, ल्यान्डस्केपिङ १, अफिसियल १०, प्रतियोगितात्मक प्रदर्शनी २, तथा फुड स्टल ३ गरी जम्मा ८३ स्टल रहेको मेला संयोजक तथा एसोसिएसनका उपाध्यक्ष रामबहादुर तामाङ (सुनिल)ले जानकारी दिए। मेलामा अपेक्षाअनुसार अवलोकनकर्ताको



**मेलामा अपेक्षाअनुसार अवलोकनकर्ताको उत्साहजनक उपस्थिति रहेकाले एक करोड रूपैयाँभन्दा बढीको कारोबार हुने विश्वास फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठले व्यक्त गरे ।**

उत्साहजनक उपस्थिति रहेकाले एक करोड रुपैयाँभन्दा बढीको कारोबार हुने विश्वास फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठले व्यक्त गरे ।

मेला अवलोकनका लागि सर्वसाधारणका लागि रू. १५० र विद्यार्थीका लागि रू. १०० प्रवेश शुल्क तोकिएको छ भने जेष्ठ नागरिकलाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

एसोसिएसनका अनुसार नेपालमा २०११ सालदेखि नेपालमा पुष्प व्यवसाय शुरू भएको थियो । त्यसपछि पुष्प व्यवसाय विस्तार हुँदै गएको र २०४९ सालसम्म सीमित संख्यामा मात्र पुष्प नर्सरी व्यवसायी रहेका थिए । २०४९ सालमा संस्थागत रूपमा फ्लोरिकल्चर एसोसिएसन नेपालको स्थापना भएपछि पुष्प व्यवसायको थप विकास, विस्तार भएको बताइएको छ ।

हाल बढ्दो शहरीकरणसँगै सातै प्रदेशका मुख्य शहरका साथै अन्य क्षेत्रमा पनि पुष्प व्यवसाय फैलँदै गएको छ । नेपालमा हाल ५२ जिल्लामा २६० हेक्टरभन्दा बढी क्षेत्रफलमा पुष्प व्यवसाय भइरहेको छ ।

नेपालमा १ हजार १७४ भन्दा बढी पुष्प व्यवसायी छन् । यस क्षेत्रमा अनुमानित रू. ८ अर्ब ८३ करोडभन्दा बढीको लगानी छ भने प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ५१ हजार ५०० भन्दा बढी जनशक्ति रोजगारीमा संलग्न रहेको एसोसिएसनले बताएको छ । पुष्प तथा पुष्पजन्य वस्तुको वार्षिक कारोबार रू. ३ अर्ब ६८ करोडभन्दा बढी रहेको बताइएको छ ।

## कनेक्ट किसान र नेपाल भेटेरिनरी केमिस्ट एण्ड ड्रगिस्ट एसोसिएसनबीच सम्झौता



काठमाडौं (अस) । कनेक्ट किसान र नेपाल भेटेरिनरी केमिस्ट एण्ड ड्रगिस्ट एसोसिएसनबीच सम्झौता भएको छ । कनेक्ट किसान र एसोसिएसनबीच सहकार्यमार्फत कृषि क्षेत्रको डिजिटलाइजेशनलाई मजबूत बनाउने उद्देश्यले सम्झौता गरिएको हो। सम्झौतामा एसोसिएसनका अध्यक्ष रितेश रिमाल र कनेक्ट किसानका निर्देशक राजन दाहालले हस्ताक्षर गरेका छन् ।

'यो साझेदारी भेटेरिनरी क्षेत्रको डिजिटलाइजेशनको दिशामा एक महत्त्वपूर्ण कदम हो । सम्झौताले तीन प्रमुख उद्देश्यलाई प्राथमिकता दिएको छ,' कनेक्ट किसानका निर्देशक दाहालले भने, 'हाम्रो मुख्य उद्देश्य सदस्यहरूलाई स्मार्ट फार्मिङ प्रविधिहरूको उपयोग गर्न सघाउनु हो । अर्डर व्यवस्थापन प्रणाली कार्यान्वयन गरेर कृषक र भेटेरिनरी सेवा प्रदायकलाई अझ प्रभावकारी रूपमा जोड्नेछौं ।' यो सम्झौताले कृषि र भेटेरिनरी सेवामा अनलाइन प्रविधिको समावेशिता सुनिश्चित गर्दै भविष्यमा प्रगति र विकासको दिशा तय गर्ने अपेक्षा गरिएको छ ।

## बजेट अभावमा रोकियो गैंडा गणना

चितवन । हरेक पाँच वर्षमा हुँदै आएको गैंडा गणना आर्थिक अभावका कारण यो वर्ष नहुने भएको छ। दाताहरूको सहयोगमा गणना हुँदै आएकोमा यस वर्ष सहायता नपाएपछि रोकिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक रामचन्द्र कँडेलले बताए । सरकारले गैंडाको नियमित अभिलेख राख्न बजेटको व्यवस्था गरेको छैन ।

यस वर्ष गणना गर्न नसकिए पनि निकुञ्जका पोष्टमार्फत एक-एक गैंडाको संकेतका आधारमा अवस्था पहिचान गरिने उनले बताए । निकुञ्जको सम्पूर्ण जनशक्ति परिचालन गरेर सम्भव भएसम्म गणना गरिने उनले बताए । चितवन, पर्सा, बर्दिया र शुक्लाफाँटामा राष्ट्रिय निकुञ्जमा एकसिंगे गैंडा पाइन्छन् । यसअघि भएको गणनाले सबैभन्दा बढी गैंडा चितवनमा रहेको देखाएको थियो । उक्त गणनाअनुसार त्यसबेला ७५२ गैंडा थिए । चितवन राष्ट्रिय निकुञ्जमा ६९४ एकसिंगे गैंडा थिए । बर्दियामा ३८, शुक्लाफाँटामा १८ र पर्सामा तीनओटा त्यस्ता गैंडा रहेको तथ्यांक छ । नेपालमा सन् १९५० मा ८००, १९५५ मा ४००, १९६० मा ३००, १९६५ मा १००, १९७० मा १०८, १९७५ मा १४७, १९८० मा ३१०, १९८५ मा ३१०, १९९० मा ३५८, १९९५ मा ४६६ गैंडा रहेको विभागले जनाएको छ । यसैगरी सन् २००० मा ६१२, २००५ मा ४०९, २०१० मा ४३५ र सन् २०१५ मा ६४५ गैंडा थिए । यसअघि सन् २०२१ मा गैंडा गणना गरिएको थियो । *रासस*

## वन डढेलो सचेतना सप्ताह शुरू

मध्यविन्दु (नवलपरासी) । जिल्लामा वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि वन डढेलो सचेतना सप्ताह शुरू भएको छ । सुक्खा मौसम शुरू भएसँगै वनमा डढेलोको जोखिम बढ्ने हुँदा त्यसको रोकथामका लागि सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक वर्ष विशेष अभियान सञ्चालन गर्ने गरिएको छ ।



वन डढेलो व्यवस्थापनका लागि निरोधात्मक उपाय अवलम्बन गर्दै वन डढेलोबाट हुने जनधन र वनको क्षति न्यूनीकरण गर्न यही चैत ७ गतेसम्म 'वन डढेलो सचेतना सप्ताह' सञ्चालन गरिने डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख वसन्त केशव अधिकारीले बताए । जसअन्तर्गत समुदायमा वन डढेलो रोकथाम सम्बन्धी सचेतना गर्ने, फायर लाइन सफा गर्ने, नमुना अभ्यास गराउने, पातपतिंगर हटाउने तथा जलाउने लगायत कार्य गरिने जनाइएको छ । कार्यालयले समुदाय, वन कर्मचारी तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्दै सप्ताहव्यापी कार्यक्रम अगाडि बढाउने कार्यालय प्रमुख अधिकारीले बताए । वनमा डढेलो लाग्न नदिन सबै नागरिकलाई सचेत हुन डिभिजन वन कार्यालयले आग्रह गरेको छ । वन डढेलोको उच्च जोखिम भएका जिल्लाहरूमध्ये नवलपरासी (बर्दघाट सुस्तापूर्व) १६औं स्थानमा रहेको छ ।

जिल्लामा दुई सय १२ ओटा सामुदायिक वन, एक सय ६९ ओटा कबुलियती वन, नौ ओटा धार्मिक वन र एउटा साझेदारी वन छन्। जिल्लाको कुल भूभागको ५८ प्रतिशत वन क्षेत्रले ढाकेको छ। *रासस*

## आधारशिविर पुग्यो 'आइसफल डाक्टर'को टोली

सोलुखुम्बु। सगरमाथाको दोस्रो शिविरसम्म बाटो बनाउन खटाइएको 'आइसफल डाक्टर'को टोली आधारशिविर पुगेको छ । टोलीका सदस्यहरूले शुक्रवारदेखि आधारशिविर 'क्याम्प सेट' शुरू गरेको सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)का अध्यक्ष लामाकाजी शेर्पाले जानकारी दिए ।

आगामी सातादेखि टोलीले बाटो बनाउन शुरू गर्ने एसपिसिसीले जनाएको छ । उक्त टोलीले दोस्रो शिविरसम्म डोरी टाँग्ने, भऱ्याङ राख्नेलगायतका काम गर्नेछ । यस पटक छिरिङ तेन्जिङ शेर्पासहित आठजना अनुभवी 'आइसफल डाक्टर'का टोली खटिएका छन् । आङसर्की शेर्पा र दावाजाङ्बु शेर्पाको नेतृत्वमा दुई छुट्टा-छुट्टै टोली गठन गरिएको छ । टोलीमा मिङ्मा ग्याल्जेन शेर्पा, दावाछिरी शेर्पा, दावानुरु शेर्पा, निमतेन्जी शेर्पा, तेन्दु शेर्पा र लाक्पासोना शेर्पा रहेका छन्। आधारशिविरदेखि खुम्बु आइसफल हुँदै दोस्रो शिविरसम्मको रुट खोल्ने जिम्मा पर्यटन विभागले सन् १९९७ देखि एसपिसिसीलाई दिँदै आएको हो। यस वर्ष आठ जना 'आइसफल डाक्टर' र सहयोगीसहित गरी करीब ३० जनाको टोलीले एक महीनासम्म सो क्षेत्रमा काम गर्ने अध्यक्ष शेर्पाले बताए ।



**टोलीका सदस्यहरूले शुक्रवारदेखि आधारशिविर 'क्याम्प सेट' शुरू गरेको सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)का अध्यक्ष लामाकाजी शेर्पाले जानकारी दिए ।**

आइसफल डाक्टरको टोलीले आधार शिविरदेखि दोस्रो शिविरसम्मको 'रुट' तयार गरिसकेपछि मात्र आरोहीहरूले आरोहण गर्ने र त्यसभन्दा माथिको 'रोप पिक्सिङ'को अनुमति पाउँछन्। यस वर्षको आइसफल डाक्टरहरूले दोस्रो शिविरसम्म रुट खोल्नका लागि रू. ८० लाख लाग्ने एसपिसिसीको अनुमान छ । एसपिसिसीले प्रत्येक विदेशी आरोहीबाट ६ सय डलरका दरले शुल्क लिने गरेको छ भने नेपालीलाई आरोहीलाई शुल्क लाग्दैन ।

सगरमाथाको दोस्रो शिविरसम्म जाने बाटो निर्माण गर्न खुम्बु आइसफल क्षेत्र जोखिमयुक्त भाग हो। आइसफल डाक्टरहरूले जोखिमपूर्ण स्थानमा भऱ्याङ राख्ने, डोरी टाँग्ने, हिउँ तथा बरफको अस्थिर संरचना हटाउने गर्छन् । हिउँका कारण छिनछिनमा बिग्रिने भएकाले बाटो बनाउन कठिन हुने 'आइसफल डाक्टर'का अगुवा आङसर्की शेर्पाले बताए । 'हिमालमा बाटो बनाउने काम कहाँ सजिलो छ र ? अहिले बनायो एकै छिनमा हिउँले बिग्रिहाल्छ, त्यसैले डोरी टाँग्ने र बाटो बनाउने काम निकै जोखिमपूर्ण हुन्छ, कतिपय अवस्थामा हिमपहिरोले हामीलाई पनि पुर्न सक्छ,' उनले भने । *रासस*

# दिक्तेलको बाम्राङ र हलेसीको च्यास्मिटारमा दुना-टपरी उद्योग

**बाम्राङस्थित सङ्खुका ज्ञानबहादुर राईले मेसिनमार्फत सालको पात प्रयोग गरेर व्यावसायिक रूपमा दुना-टपरी उत्पादन गर्न शुरू गरेका छन् ।**

खोटाङ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-३ बाम्राङमा दुना-टपरी उत्पादन शुरू गरिएको छ । बाम्राङस्थित सङ्खुका ज्ञानबहादुर राईले मेसिनमार्फत सालको पात प्रयोग गरेर व्यावसायिक रूपमा दुना-टपरी उत्पादन गर्न शुरू गरेका छन् ।

प्लाष्टिकजन्य वस्तुले सहरबजार मात्र नभएर गाउँघरसमेत फोहोर बनाउनुका साथै वातावरणमा प्रतिकूल असर गरिरहेकाले त्यसलाई विस्थापित गर्न सालको पातबाट दुना-टपरी बनाएर उपयोगमा ल्याउने उद्देश्यले उद्योग स्थापना गरेको सञ्चालक राईले बताए । मेसिनमार्फत उत्पादन गरिएको दुनाको मूल्य प्रतिगोटा रू. पाँच र टपरीको प्रतिगोटा रू. आठ निर्धारण गरिएको जनाइएको छ । निम्न आर्थिक अवस्थाका महिलालाई रोजगारीको अवसरसमेत दिलाउने उद्देश्यले दुना-टपरी उद्योग स्थापना गरिएको सञ्चालक राईले जानकारी दिए ।

'सालको पातबाट बनाइने दुना-टपरीको कारण सालको पातसमेत सदुपयोग भएको छ । जंगलबाट टिपेर ल्याएको सालको पातलाई प्रतिमुठा ३५ देखि ६० सम्ममा खरीद गर्दै आएको छु,' उनले भने, 'जंगलमा खेर गइरहेका सालका पातलाई उपयोग गर्ने काम शुरू भएको छ । दुना-टपरी गाँस्नेलाई प्रतिगोटा रू. एकका दरले दिने गरेको छु । यसले निम्न आर्थिक अवस्थाका स्थानीयलाई रोजगारीको अवसरसमेत दिलाइएको छ ।'

गाउँमा हुने हरेक बिहे, भोज-भतेर तथा पूजापाठमा दुना-टपरी प्रयोग र त्यसमा राखेर खाने परम्परा लोप हुनै लागेकाले पनि मेसिनमार्फत व्यावसायिक रूपमा दुना-टपरी





बनाउन शुरू गरिएको सञ्चालक राईले बताए । 'गाउँघरमा हुने अधिकांश काजभोजमा प्लाष्टिकको भाडा प्रयोग हुने थालेका छन् । यो स्वास्थ्यका लागि मात्र नभई वातावरणीय हिसाबले पनि ठीक होइन,' उनले भने, 'दुना-टपरीमा खाने परम्परा लोप हुँनै लागेकाले पनि मेसिनमार्फत व्यवसायिक रूपमा दुना-टपरी बनाउन शुरू गरेका छौं । यसप्रति सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।'

बाम्राङमा उत्पादित दुना-टपरी गाउँमा हुने पूजापाठ, विवाह तथा व्रतबन्धका साथै जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा खपत हुने गरेको जनाइएको छ । बाम्राङमा दुना-टपरी उद्योग सञ्चालन भएपछि उपभोक्तालाई समेत सहज भएको छ ।

उता, हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मिटारमा दुना-टपरी उद्योग सञ्चालन गरेको छ । त्रिधार्मिक स्थल हलेसी दर्शन गर्न आउने दर्शनार्थीलाई लक्षित गर्दै नगरपालिकाले दुना-टपरी उद्योग सञ्चालन गरेको हो ।

च्यास्मिटार कृषि महिला सहकारी संस्थामार्फत सञ्चालित उद्योगमा उत्पादित दुना प्रतिगोटा रू. पाँच र टपरी प्रतिगोटा रू. दशमा बिक्री शुरू गरिएको छ। सहकारी संस्थामा आबद्ध महिलालाई सात दिनको तालीम दिएर दुना-टपरी उद्योग सञ्चालनमा ल्याइएको नगरप्रवक्ता एवं वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । सुक्खाग्रस्त क्षेत्रमा पर्ने हलेसी तुवाचुङ नगरपालिकाले अर्खौलेमा पनि दुना-टपरी उद्योग सञ्चालन गर्ने तयारी गरिरहेको जनाइएको छ। 'हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको संगमस्थल हलेसीमा दर्शन तथा पूजापाठ गर्न आउने भक्तजनलाई अनिवार्य स्थानीयस्तरमा उत्पादित दुना-टपरीमात्र प्रयोग गर्ने/गराउने तयारी गरिएको नगरप्रमुख विमला राईले जानकारी दिइन्। *रासस*

## चितवन सभागृह निर्माण सुस्त



चितवन । दुई वर्षअघि सम्पन्न हुनुपर्ने चितवनको भरतपुरस्थित सभागृहको प्रगति ६७ प्रतिशत मात्र भएको छ । छाना छाउने क्रममा प्राविधिक समस्या देखिएपछि महत्त्वपूर्ण काम रोकिँदा अपेक्षाकृत प्रगति नभएको हो ।


भरतपुर महानगरपालिका-१० जिल्ला समन्वय समिति नजिकै २०७७ मङ्सिर १८ गते सभागृह निर्माण थालिएको थियो । २७ महीना अर्थात् विसं २०७९ फागुन १८ गते निर्माण सम्पन्न गर्नेगरी ठेक्का लगाइएको थियो ।

निर्माण कम्पनीको ढिलासुस्ती र दिइएको डिजाइनअनुसार काम गर्दा देखिएको प्राविधिक समस्याका कारण काममा ढिलाइ भएको हो । ट्रष्टको डिजाइनमा समस्या आएपछि अन्य निर्माण भए पनि ट्रष्टको काम हुन सकेको छैन ।

सघन शहरी तथा भवन निर्माण आयोजना चितवनका प्रमुख वरिष्ठ डिभिजनल इञ्जिनियर झपटबहादुर थापाका अनुसार ट्रष्ट लगाउने क्रममा हावाले झारेपछि पुनःअध्ययन थालिएको छ । उनका अनुसार सात महीनाअघि पाँचओटा ट्रष्ट राखेपछि एउटा ट्रष्ट हावाले झारेको थियो । के कति कारणले समस्या परेको हो यस विषयमा विस्तृत अध्ययन भइरहेको छ । आइतवारसम्ममा प्रतिवेदन आउने र सोहीअनुरूप काम अघि बढाइने उनले जानकारी दिए ।

उनले भने, 'अब ट्रष्ट निर्माण शुरू गरिएसँगै अन्य संरचना निर्माणले समेत गति पाउनेछ । एक अर्ब २० करोड रुपैयाँ लागतमा निर्माण शुरू गरिएको हल निर्माणका लागि इण्डो सगुन रौताहा जेभीले ७७ करोड ७७ लाखमा ठेक्का सकारेको थियो । बाइपास सडकसँगै जिल्ला समन्वय समितिका नाममा रहेको चार बिघा चार कठ्ठा जमीन भरतपुर महानगरपालिकाका नाममा लगेर सिटिहल निर्माण थालिएको हो । निर्माणका क्रममा रहेको हलमा अहिले भित्री भागको बिजुली, पानी जडान गर्ने, प्लाष्टर, प्लम्बिङलगायत काम भइरहेको उनले बताए ।

सभागृहमा मुख्य अडिटोरियम ब्लकमा दुई हजार जना अट्ने सुविधासम्पन्न सभाहल बन्नेछ । साथै तीन सय मानिस अट्न सक्ने क्षमताको सभा हल रहनेछ भने विशिष्ट व्यक्तिका लागि छुट्टै कक्ष हुनेछ । *रासस*



तस्वीर : रासस

**तनहुँको म्याग्दे गाउँपालिका–५ छाङ्दीमा बाख्रा चराएर घरतर्फ लैजाँदै किसान । स्थानीय तहले सहयोग गर्न थालेपछि जिल्लामा बाख्रापालनमा कृषकको आकर्षण बढ्दै गएको छ ।**

# अपांगता भएका व्यक्तिलाई जगदम्बा मोटर्सको सहयोग

काठमाडौं (अस) । समावेशिता र पहुँच प्रवर्द्धन गर्ने उद्देश्यले जगदम्बा मोटर्सले अपांगता भएका व्यक्तिहरूलाई भारतीय राजदूतावाससँगको सहकार्यमा पाँचओटा टीभीएस एनटर्क स्कुटर सहयोग गरेको छ। भारतीय राजदूतावास कल्याण केन्द्र सोह्रखुट्टेमा स्कुटर हस्तान्तरण कार्यक्रम गरिएको हो। कार्यक्रमले समुदायलाई दिगो गतिशिलता समाधानमार्फत सशक्त पार्ने दुवै संस्थाको प्रतिबद्धतालाई पुष्टि गरेको बताइएको छ।

सो अवसरमा भारतीय राजदूतावासका एसएम असिस्टेन्ट मिलिटरीका मेजर नवीन जानु, टिभीएस मोटर कम्पनीका प्रतिनिधि लगायतको उपस्थिति थियो । यी विशेष स्कुटरबाट अपांगता भएका व्यक्तिहरूले स्वतन्त्रतापूर्वक आवतजावत गर्न सहजताको अनुभव गर्न सक्ने आशा गरिएको छ ।




टीभीएस एनटर्क, उत्कृष्ट प्रविधि, सहज सञ्चालन प्रणाली र बलियो डिजाइनका लागि परिचित छ। तसर्थ, सहयोगले लाभग्राहीका लागि आत्मविश्वासमा वृद्धिका साथै दक्षताका साथ दैनिक जीवन सहज बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको छ।

जगदम्बा मोटर्सले सदैव सामाजिक उत्तरदायित्वलाई पहिलो प्राथमिकतामा राख्दै आएको बताइएको छ । भारतीय राजदूतावाससँगको सहकार्यले समावेशी समाज निर्माण गर्ने टिभीएसको प्रतिबद्धतालाई थप बल पुगेको कम्पनीको भनाइ छ।

'गतिशीलता केवल सुविधा मात्र होइन, यो एक मौलिक अधिकार हो, हामी अपांगता भएका व्यक्तिका लागि विशेष रूपले डिजाइन गरिएका स्कुटरको प्रस्ताव गर्ने हाम्रो पहलको शुरुआतसँगै समावेशिता र सशक्तीकरणतर्फ महत्त्वपूर्ण कदम चाल्न पाउँदा हामी गौरवान्वित छौं,' जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले भने ।

# सिटिजन्स बैंकको 'दीर्घ सेवा सम्मान'



काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बैंकमा निरन्तर १० वर्ष र १५ वर्ष सेवा प्रवाह गरेका कर्मचारीलाई शुक्रवार 'दीर्घ सेवा सम्मान'बाट सम्मान गरेको छ । बैंकले चैत १ लाई 'इम्प्लोइ डे' को रूपमा मनाउँदै आएको छ । बैंकले उन्नाइसौं वर्ष प्रवेशको अवसरमा विभिन्न कार्यक्रम गरिरहेको छ ।

बैंकको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमबीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकमा निरन्तर १० वर्ष सेवा प्रवाह गरेका ६१ जना र १५ वर्ष सेवा प्रवाह गरेका १८ जना गरी ७९ जना कर्मचारीलाई प्रमाणपत्र सहित 'दीर्घ सेवा सम्मान' प्रदान गरिएको हो ।

बैंकमा हाल १८ सय कर्मचारी कार्यरत छन् । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत पोखरेलले बैंक अहिलेको अवस्थासम्म आइपुग्न कर्मचारीको मेहनत, लगनशीलता, प्रतिबद्धता र जिम्मेवारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गरे । सोही समारोहमा बैंकले २०८२ सालको क्यालेण्डर पनि सार्वजनिक गरेको छ ।

# बीमा प्राधिकरणको महिला सञ्चालकमा राधा पोखरेल नियुक्त

काठमाडौं (अस) । नेपाल बीमा प्राधिकरणको महिला सञ्चालकमा राधा पोखरेल नियुक्त भएकी छन् । सरकारले पोखरेललाई प्राधिकरणमा रिक्त रहेको महिला सञ्चालक पदमा नियुक्त गर्ने निर्णय गरेको हो । अर्थमन्त्रीस्तरीय निर्णय अनुसार उनलाई चैत १ गतेदेखि लागू हुने गरी आगामी चार वर्षे कार्यकालका लागि महिला सञ्चालक पदमा नियुक्त गरिएको जानकारी स्रोतले दिएको छ । बीमा ऐन, २०७९ मा



नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिमा एक जना महिला सञ्चालक हुनुपर्ने व्यवस्था छ। अर्थमन्त्री विष्णु प्रसाद पौडेलले पोखरेललाई सञ्चालकमा नियुक्त गरेसँगै उक्त ऐनले पनि पूर्णता पाएको छ ।


नेपालको धितोपत्र बजारमा एक दशकदेखि सक्रिय पोखरेल नेपाल पूँजीबजार लगानीकर्ता संघकी अध्यक्ष समेत रहेकी छन् । उनी विशाल बजार कम्पनीमा सञ्चालक पदमा समेत रहेकी छन् । धितोपत्र बजारका लगानीकर्ताको हकहितमा दशक बिताएकी पोखरेलले बीमा क्षेत्रमा पनि प्रभावकारी भूमिका रहने गरी जिम्मेवारी पूरा गर्ने बताइन् । उनले धेरै ठाउँमा जिम्मेवारी लिएर प्रभावकारी काम गर्न नसकिने उल्लेख गर्दै नेपाल पूँजीबजार लगानीकर्ता संघको अध्यक्ष पदबाट भने चाडै नै राजीनामा दिने बताइन् ।

विशाल बजार कम्पनीको वित्तीयदेखि व्यवस्थापकीय अवस्था सुधारका लागि निकै मिहेनत गरेको अवस्थामा कम्पनीको साधारण सभा सम्पन्न गराउने उद्देश्य समेत रहेको उनी बताउँछिन्। पोखरेल दुई वर्षअघि विशाल बजार कम्पनीको सञ्चालकमा नियुक्त भएकी थिइन् ।

# किसानलाई सहुलियतमा मकैको बीउ प्रदान

पाल्पा । पाल्पाको रामपुर नगरपालिकाले किसानलाई अनुदानमा मकैको बीउ उपलब्ध गराएको छ। नगरपालिकाभित्र रहेका १० वडाका किसानलाई अनुदान कार्यक्रममा समाहित गर्दै साढे सात टन बीउ वितरण गरिएको कृषि शाखाले जनाएको छ। रामपुर क्पोजित एक हजार एक सय ११ किलो, अरुण-२ जातको तीन हजार नौ सय २४ किलो र मनकामना-३ जातको दुई हजार चार सय ८८ किलो मकैको बीउ वितरण गरिएको कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले जानकारी दिए । किसानलाई ५० प्रतिशत अनुदानमा तीनओटै जातको प्रतिकिलो ७६ रूपैयाँमा नगरपालिकामार्फत् उपलब्ध गराइएको उनी बताउँछन् । नगरपालिकाका किसान, कृषि समूह तथा कृषि सहकारी गरेर चार सय ३४ जनाको माग आवेदन परेको हुँदा सोही आधारमा वितरण हुने उनले बताए। उनका अनुसार नगरपालिकाले मकैको बीउका लागि गत माघ २९ देखि फागुन ११ गतेसम्म माग सूचना जारी गरेको थियो। *रासस*

# समृद्धि फाइनान्सको सीइओमा सन्तोषकुमार घिमिरे नियुक्त



काठमाडौं (अस) । समृद्धि फाइनान्सको प्रमुख कार्यकारी अधिकृत (सीइओ)मा सन्तोषकुमार घिमिरे नियुक्त भएका छन् । कम्पनीमा हाल सीइओ रहेका टीकानिधि लोहनीले राजीनामा दिएपछि कम्पनीको फागुन २८ गते बसेको सञ्चालक समितिको बैठकले घिमिरेलाई सीइओ नियुक्त गर्ने निर्णय गरेको हो । घिमिरेलाई २०८२ वैशाख १ गतेदेखि लागू हुनेगरी ४ वर्षको लागि सीइओ नियुक्त गरिएको कम्पनीले जनाएको छ । यसअघि घिमिरे गोर्खाज फाइनान्सका सीइओ थिए। उनी नेपाल राष्ट्र बैंकबाट सेवा निवृत्त कर्मचारी हुन् । कम्पनीले २०८१ चैत मसान्तसम्मका लागि हाल संस्थाका नायव महाप्रबन्धक रहेका विनोदराज पौडेललाई कामु सीइओको जिम्मेवारी दिएको छ ।

# द एशियन बैंकर र काठमाडौं फिनटेकबीच साझेदारी

काठमाडौं (अस) । नेपाल र भुटानको बैंकिङ तथा फिनटेक उद्योगलाई विश्वस्तरीय वित्तीय ज्ञान तथा नेटवर्कमा जोड्ने उद्देश्यले द एशियन बैंकर र काठमाडौं फिनटेकबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

'यस सम्झौतासँगै ट्याब ग्लोबलले काठमाडौं फिनटेकलाई नेपाल र भुटानका लागि आफ्नो एकमात्र आधिकारिक प्रतिनिधिको रूपमा नियुक्त गरेको छ, जसले नेपाली तथा भुटानी बैंकिङ तथा फिनटेक प्रोफेसनललाई एशियन बैंकर, बैंकिङ एकाडेमी, ट्याव इनसाइट्स, वेल्थ एण्ड सोसाइटीजस्ता ग्लोबल प्लेटफर्ममा पहुँच दिलाउनेछ,' काठमाडौं फिनटेकद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।




सम्झौतापत्रमा हस्ताक्षर गर्दै ट्याब ग्लोबलका अध्यक्ष इम्यानुएल ड्यानियलले भने, 'हामी काठमाडौं फिनटेकसँगको यो साझेदारीप्रति निकै उत्साहित छौं । नेपालको वित्तीय क्षेत्र डिजिटल रूपान्तरणको यात्रामा छ, यो प्रक्रियालाई ग्लोबल नलेज एक्सचेन्ज तथा नेटवर्किङले अझ मजबुत बनाउनेछ । हामी नेपाली तथा भुटानी वित्तीय संस्थालाई विश्वस्तरीय अवसरहरू प्रदान गर्न प्रतिबद्ध छौं।'

काठमाडौं फिनटेकका संस्थापक सञ्जिव सुब्बाले नेपाल र भुटानका बैंक तथा फिनटेक उद्योगको क्षमता अझ विस्तार गर्न ट्याब ग्लोबलजस्तो प्रतिष्ठित संस्थासँगको सहकार्य कोसेढुंगा सावित हुने बताए । 'ग्लोबल बैंकिङ अभ्यास, डिजिटल वित्तीय सेवा, तथा नवीनतम प्रविधिहरूमा नेपाली तथा भुटानी बैंकिङ प्रोफेसनललाई जोड्ने अवसर पाउँदा हामी अत्यन्त उत्साहित छौं,' उनले भने ।

# चितवन केरा उत्पादक संघमा महतो



चितवन (अस) । चितवन केरा उत्पादक संघको अध्यक्षमा घननाथ महतो चयन भएका छन्। संघको सातौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनले महतोको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो। समितिको वरिष्ठ उपाध्यक्षमा शंकरप्रसाद सुवेदी, प्रथम उपाध्यक्षमा जनकराज पन्त, द्वितीय उपाध्यक्षमा विवेक दाहाल, महासचिवमा टंकप्रसाद लामिछाने, सचिवमा रामचन्द्र दुवाडी, कोषाध्यक्षमा चिरञ्जीवी सापकोटा र सदस्यहरूमा विष्णुप्रसाद भट्टराई, निर्मल भट्टराई, रामबहादुर गुरुङ, श्यामबहादुर देवकोटा, शिवकान्त न्यौपाने चयन भएका छन् । त्यस्तै लेखा समितिको संयोजकमा पुण्यप्रसाद देवकोटा, सदस्यहरूमा गणेश दाहाल र मन्जु दाहाल चयन भएका छन् । सर्वसम्मत निर्वाचित पदाधिकारी, सदस्य तथा लेखा समिति संयोजक तथा सदस्यलाई पद तथा गोपनीयताको शपथ ग्रहण तथा प्रमाणपत्र वितरण गरिएको छ ।

# पोखरा फाइनान्सका नवनियुक्त प्रमुख कार्यकारी अधिकृतको शपथग्रहण

काठमाडौं (अस) । पोखरा फाइनान्स लिमिटेडका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले पदीय जिम्मेवारीको सपथ लिएका छन् । फाइनान्स सञ्चालक समितिको ५४७ औं बैठकको निर्णय अनुसार शुक्रवारदेखि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएका गुरुङले संस्थाका अध्यक्ष राजकुमार गुरुङबाट पद तथा गोपनीयताको शपथ ग्रहण गरेका हुन् ।

कार्यक्रमको प्रारम्भमा वित्तीय संस्थाका अध्यक्ष राजकुमार गुरुङले वित्तीय संस्था तथा नवनियुक्त प्रमुख कार्यकारी अधिकृतका बारेमा संक्षिप्त जानकारी प्रस्तुत गरेका थिए । कार्यक्रममा पोखरा फाइनान्सका अध्यक्ष




राजकुमार गुरुङले प्रमुख कार्यकारी अधिकृत गुरुङलाई बधाई तथा शुभकामना दिँदै नेपाल राष्ट्र बैंकको निर्देशिकाको अनुपालना तथा संस्थागत सुशासनबाट संस्थाको साख तथा प्रतिष्ठालाई पुन उचाइमा पुऱ्याउन र व्यावसायिक सफलता हासिल गर्न शुभकामना व्यक्त गरेका थिए ।

सो अवसरमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएकोमा खुशी व्यक्त गर्दै हाल संस्थामा रहेको चुनौतीको समाधान गर्दै नेपाल राष्ट्र बैंकको निर्देशिकाको पालना गरी संस्थाको प्रगति तथा संस्थाको निक्षेपकर्ता, कर्मचारी र शेयरधनीको हितका लागि सधैं प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।


## कर्मचारी आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/०३)

यस वित्तीय संस्थाको लागि देहाय बमोजिमका कर्मचारीहरूको आवश्यकता भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ।

| क्र.स. | पद/श्रेणी | संख्या | आवश्यक न्यूनतम योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|
| १. | सहायक | केही | प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेको र लघुवित्त वित्तीय संस्थामा एक तह मुनि कम्तिमा १ वर्ष कार्य गरेको वा एस.एल.सि. वा एस.ई.ई.गरी लघुवित्त वित्तीय संस्थामा कम्तीमा २ वर्ष कार्य गरेको । | अन्तर्वार्ता |
| २. | कनिष्ठ सहायक | केही | प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेको र लघुवित्त वित्तीय संस्थामा १ वर्ष कार्य गरेको वा एस.एल.सि. वा एस.ई.ई.गरी लघुवित्त वित्तीय संस्थामा कम्तीमा २ वर्ष कार्य गरेको । | अन्तर्वार्ता |
| ३. | प्रशिक्षार्थी सहायक | केही | एस.एल.सि. वा एस.ई.ई. पास गरेको । कम्प्यूटर सम्बन्धी ज्ञान भएको तथा ग्रामिण क्षेत्रमा गई कार्य गर्न इच्छुक । | लिखित, अन्तर्वार्ता |

- सवारी साधन र चालक अनुमति पत्र भएकोलाई प्राथमिकता दिइनेछ।
- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। साथै महिलाको हकमा थप पाँच वर्ष उमेरको समेत योग्य हुनेछ।
- इच्छुक उम्मेदवारले निवेदनका साथमा हालसालै खिचेको पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहितको सम्पूर्ण विवरण खुलेको बायोडाटा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस वित्तीय संस्थाको इमेल मार्फत ngtmicrovacancy@gmail.com वा वित्तीय संस्थाको वेबसाइट www.ganapatimicro.com.np मार्फत दरखास्त दिन सक्नेछन्।

पदपुर्ती समिति

**गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड**

केन्द्रीय कार्यालय : शुक्लागण्डकी–०४ दुलेगौंडा तनहुँ


# सहकारीमार्फत व्यावसायिक चियाखेती

बलेवा (बागलुङ)। काठेखोला गाउँपालिका-७ रेशस्थित तिङरिङ र बोरमा सहकारीमार्फत व्यावसायिक चियाखेती शुरू गरिएको छ । मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ कार्यक्रममार्फत जनकल्याण आधारभूत विद्यालयको वनमा चियाखेती शुरू गरिएको हो ।

रेश साना किसान सहकारी संस्था लिमिटेडमार्फत तिङरिङसहित पाँच स्थानमा चियाखेती गरिएको वडा नं ७ का अध्यक्ष प्रेम लामिछानेले जानकारी दिए । विद्यालयको पाखो जमीन १५ वर्षका लागि भाडामा लिइएको र सार्वजनिक जमीनमा पाँचओटा ब्लक बनाएर १४० रोपनीमा चियाखेती शुरू गरिएको वडाध्यक्ष लामिछाने बताउँछन्।

'परीक्षणका रूपमा गरिएको चियाखेतीले राम्रो उत्पादन दिन थालेपछि चियाखेती अवलोकन गर्न आउने पाहुनालाई कोसेलीका रूपमा चियाको ब्राण्ड बनाएर प्रदान गर्न थालेका छौं,' वडाध्यक्ष लामिछानेले भने। चिया बगानमा आवतजावत गर्न सडक र खानेपानीलगायत पूर्वाधार अभाव भएकाले स्थानीय, प्रदेश र संघ सरकारको सहकार्यमा भौतिक संरचना निर्माणमा पहल भइरहेको उनले बताए ।

चिया बगानमा रहेका एक लाख १० हजारभन्दा बढी बिरुवामध्ये ६० हजारले उत्पादन दिन थालेका छन् । लामिछानेका अनुसार वडा कार्यालयको सहकार्यमा चिया सुकाउने औजार खरीद गरिए पनि पछिल्लो समय ठूलो परिमाणमा चिया उत्पादन हुन थालेपछि उद्योग सञ्चालन गर्न सरोकारवाला निकायसँग समन्वय भइरहेको छ । चिया उत्पादन धेरै हुन थालेपछि उद्योग सञ्चालनसँगै बजारीकरणमा अन्यौल भइरहेको रेश साना किसान सहकारीका अध्यक्ष उजेली शर्माले बताइन् । *रासस*


## स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड
## Swarojgar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालयः बनेपा–०५, काभ्रेपलाञ्चोक, फोन नं.: ०११–६६१०६०/६६५३४८**

**इमेलः info@slbbl.com.np वेबसाइटः www.slbbl.com.np**

**को**

## सर्वसाधारणमा थप सार्वजनिक निष्काशन गरिएको शेयरको बाँडफाँड सम्बन्धी सूचना

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल चुक्ता पूँजी रू.६७,११,०४,९९३/- (सतसट्ठी करोड एघार लाख चार हजार नौ सय त्रियानब्बे रूपैयाँ मात्र) रहेको तथा रू.१,९५,७७,३००/- (अक्षरेपी एक करोड पन्चानब्बे लाख सतहत्तर हजार तीन सय रूपैयाँ मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रू.१००/- दरका १,९५,७७३ कित्ता साधारण शेयरहरू मिति २०८१/११/१८ गतेदेखि मिति २०८१/११/२१ गतेसम्म सर्वसाधारणहरूलाई खरीद आव्हान गरिएकोमा सो अवधि भित्र रितपूर्वक आवेदन दिनुहुने आवेदकहरू मध्ये बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम १९,५७७ जना आवेदकहरूलाई सो कम्पनीको शेयरहरू मिति २०८१/१२/०१ गते शुक्रबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

बाँडफाँड सम्बन्धी विवरण आवेदकहरूले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट: https://nmbcl.com.np/ipo र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको वेबसाइटः https://iporesult.cdsc.com.np मा गई हेर्न सकिनेछ ।

साथै, यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरू, लगानीकर्ता आवेदकहरू, सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरू, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरूमा धन्यवाद ज्ञापन गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NMB CAPITAL एनएमबि क्यापिटल

**एनएमबि क्यापिटल लिमिटेड**

काठमाडौं-४, बालुवाटार

फोनः ९७७-०१-४५३७९६०

इमेलः info@nmbcl.com.np, वेबसाइटः www.nmbcl.com.np



## मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड को
## छैटौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस **मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड**को मिति २०८१/११/२६ गते बसेको सञ्चालक समितिको ९३ औं बैठकद्वारा गरिएको निर्णयानुसार यस **कम्पनीको छैटौं** बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१ चैत्र २३ गते, शनिवार,

**समय** : विहान ११:३० बजे ।

**स्थान** : होटल हार्दिक, वागबजार, काठमाडौं ।

**छलफलका विषयहरु**

**क) साधारण प्रस्तावहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण माथि छलफल गरि पारित गर्ने ।

३) आ.व.२०८१/०८२ को लागी लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालकहरुको बैठक भत्ता, मासिक पारिश्रमिक, दैनिक भत्ता तथा भ्रमण खर्च वा अन्य सुविधा सम्वन्धमा ।

५) सभाको माईनुट प्रमाणीत गर्न सञ्चालक र शेयरधनीको तर्फवाट प्रतिनिधी चयन गर्ने सम्वन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**

१) कम्पनीको हाल कायम रहेको चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न वैंक तथा वित्तिय सस्थावाट ऋण लिन आवश्यक परेमा सञ्चालक समितिलाई अख्तियारी दिने सम्वन्धमा ।

**ग) विविध प्रस्तावहरु :**

**सञ्चालक समितिको निर्णयानुसार**

**कम्पनी सचिव**

यदि तपाईं कुनै महत्त्वपूर्ण कार्य गर्दै हुनुहुन्छ भने आलोचनाबाट नडराउनुहोस् । आलोचना नै प्रगतिको संकेत हो ।
**- मार्क जुकरबर्ग**

सम्पादकीय

# सरकारले उद्योग चलाउन सक्दैन

नेपालका केही सरकारी कम्पनीबाहेक अत्यधिकको अवस्था निकै कमजोर देखिए पनि यस्ता कम्पनी बन्द गर्ने, निजीक्षेत्रलाई जिम्मा दिने अथवा सही ढंगले सञ्चालन गर्ने कुनै पनि काम हुन सकेको छैन । सधैं घाटामा जाने र सरकारले पैसा दिए पनि उत्पादन बढाएर व्यवसाय गर्न नसक्ने अवस्थामा पनि लगानी गरिरहनुलाई कुनै पनि दृष्टिकोणले उपयुक्त मान्न सकिँदैन । उद्योग चलाउन वित्तीय स्रोत नहुँदा सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योग लिमिटेडको उत्पादन लगभग ठप्प भएको छ । तर, यसलाई सञ्चालन गर्न वा निजीक्षेत्रलाई दिन सरकारले ठोस निर्णय गर्न सकेको छैन ।

उदयपुर सिमेन्टको समस्या अहिलेमात्रै शुरू भएको होइन । विगत ४ आर्थिक वर्षदेखि उत्पादनमा व्यापक कमी आएको छ । उपभोक्ताले पाएसम्म यही सिमेन्ट खरीद गर्ने गरेको भए पनि उत्पादन गरेर बजारमा पठाउन उद्योग असमर्थ हुनु नै यसको विफलता हो । खासमा सरकारले उद्योग चलाउन सक्दैन भन्ने स्थापित मान्यतालाई नै यसले पुष्टि गरेको छ । आम्दानी नहुँदा यसले सरकारलाई तिर्नुपर्ने ऋण तिर्न सकेको छैन भने नवीकरण शुल्क तिर्न नसक्दा चुनढुंगा तथा रातोमाटो खानीको अनुमतिपत्र नै रद्द भएको छ । कम्पनीको हालको दायित्व ५ अर्ब रुपैयाँ पुगेको छ जसमध्ये सरकारलाई तिर्नुपर्ने दायित्व ३ अर्ब ३७ करोड रुपैयाँ रहेको कम्पनीले बताएको छ । बजार हुँदा पनि उत्पादन गर्न नसक्ने तर कर्मचारीले भने तलबभत्ता खाइरहने अवस्था कहिलेसम्म सम्भव हुन्छ ? व्यावसायिक योजना बनाउन र त्यसअनुसार काम गर्न नसक्ने हो भने यस्ता कुनै पनि कम्पनी चलाउनु हुँदैन । दुग्ध विकास संस्थानलाई सरकारले पैसा दिँदा पनि उसले किसानको बक्यौता तिर्न सकेको छैन तर कर्मचारीको तलबभत्ता र सुविधा भने बढेको बढ्यै छ । खासमा सरकार यस्तो कम्पनी बन्द गर्न चाहँदैन किनभने यसमा उसको आफ्नो स्वार्थ हुन्छ । त्यस्तै व्यवस्थापनसँग गर्ने करार पनि अर्थहीन छ किनभने त्यो निकै छोटो अवधिको हुन्छ ।

**पूरै कर्मचारीलाई हटाउन सक्ने व्यवस्था हुनुपर्छ । त्यस्तै सरकारी कम्पनी सबै बन्द गर्ने हिम्मत गर्न सक्नुपर्छ । केही कम्पनी निजीकरण गरेको सरकारले अहिले त्यस्तो निर्णय गर्न सकेको देखिन्न ।**

केही सरकारी कम्पनीले कर्मचारीलाई १८ महीनादेखि तलबसमेत खुवाउन नसकेको अवस्थासमेत रहेको छ । यस्ता कम्पनीमा उदयपुर सिमेन्ट, हेटौंडा सिमेन्ट, नेपाल ओरिन्ड म्याग्नेसाइट र नेपाल मेटल कम्पनी रहेका छन् । सरकारी वायुसेवा कम्पनी नेपाल वायुसेवा निगम (नेवानी) को विकृतिको त कुरा गरेर साध्य नै छैन । एकातिर यात्रुले टिकट नपाउने र अर्कातिर विमान रित्तै उड्ने गरेको समेत पाइन्छ । सरकारी कम्पनी जतिसुकै घाटा भए पनि कर्मचारीले पाउने सुविधा भने गजब छ । नेवानिमा कर्मचारीले वार्षिक रूपमा विदेश जानका लागि परिवारसहितलाई निःशुल्क टिकट पाउँछन् । दुग्ध विकास संस्थानका कर्मचारीले निश्चित परिमाणमा मासिक रूपमा कम्पनीको उत्पादन कर्मचारीले निःशुल्क पाउँछन् । त्यसबाहेक उनीहरूले पाउने अतिरिक्त सेवासुविधा बेग्लै छ । त्यसैले कुनै पनि सरकारी कम्पनीलाई निजीकरण गर्न सरकारले पहल थाल्यो भने सबैभन्दा पहिलो विरोध कर्मचारीबाट हुने गरेको छ जसलाई सरकारले झेल्ने साहसै गर्दैन । सेता हात्तीका रूपमा रहेका सार्वजनिक संस्थानहरू सरकारका लागि निकै ठूला बोझ हुन् । यस्ता संस्थामा सरकारको ठूलो लगानी भए पनि प्रतिफल दिने संस्था भने ज्यादै कम छन् । नेपालमा सरकारी रोजगारीमा अत्यधिक स्थायित्व छ । कुनै कर्मचारीको उत्पादकत्व कहिल्यै हेरिँदैन । एकपटक स्थायी भएपछि उसले पाउने सुविधामा कुनै कटौती हुँदैन । कम्पनी टाट पल्टिए पनि तिनलाई सरकारले सुविधा भने दिनुपर्छ । त्यसैले सरकारले चलाएका कम्पनीको उत्पादकत्व ज्यादै कम छ ।

खासमा नेपालको पूरै कर्मचारीलाई हटाउन सक्ने व्यवस्था हुनुपर्छ । त्यस्तै यस्ता कम्पनी सबै बन्द गर्ने हिम्मत गर्न सक्नुपर्छ । केही कम्पनी निजीकरण गरेको सरकार अहिले त्यस्तो निर्णय गर्न सकेको देखिन्न । निजीकरणका फाइदाको जस पनि लिन नसकेको तर निजीकरणको अगुवा बनेको नेपाली कांग्रेससमेत अहिले निजीकरण र उदारीकरणको बाटोमा अघि बढ्न डराएको हो कि जस्तो देखिएको छ । अर्थतन्त्र, उत्पादन, उत्पादकत्व जस्ता आधारभूत कुरामा सरकारको कुनै चासो छैन र ऊ राजनीतिक बखेडा झिकेर त्यसमै रमाइरहेको छ भन्ने कुरा सरकारी कम्पनीको बेथितिमा केही पनि निर्णय लिन नसकेबाट पुष्टि हुन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## निर्यात प्रवर्द्धनको प्रयास


स्वदेशी वस्तु तथा सेवाको अन्तरराष्ट्रिय बजार प्रवर्द्धन गर्ने उद्देश्यले फ्रान्सको राजधानी पेरिसमा व्यापारिक एक्स्पो आयोजना हुने भएको छ । व्यापार एक्स्पोलाई वस्तु तथा सेवाको बजार प्रवर्द्धन गर्ने उपयुक्त थलोका रूपमा लिने गरिन्छ । चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्री पेरिस (सीसीआईपी) को प्राविधिक सहयोगमा नेपाल-फ्रान्स चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्री (एनएफसीसीआई) ले गर्ने व्यापारिक एक्स्पो यूरोपमा खस्कँदै गएको नेपाली वस्तुको निर्यात प्रवर्द्धनका लागि सहयोगी बन्न सक्छ ।

देशको निर्यात व्यापार वार्षिक रु. १ खर्ब पुऱ्याउने सरकार तथा निजीक्षेत्रको संयुक्त सङ्कल्पलाई सफल बनाउन द्विदेशीय चेम्बरले आयोजना गर्ने एक्स्पो दरिलो कडी बन्ने सम्भावना छ । यो एक्स्पोमा पश्मिना, तयारी पोशाक, हस्तकलाका सामग्री, परम्परागत चाँदीका गहना, थाङ्का तथा केही पर्यटन क्षेत्रको समेत प्रवर्द्धन गर्ने बताइएको छ ।

**वर्ष ८, अंक १५१, आइतवार, ६ फागुन, २०६९**

# किन आवश्यक छ लघुवित्तमा क्रेडिट प्लस ?

## लघुवित्तको योगदान उपेक्षा गर्न मिल्दैन



**लघुवित्त सेवासँगै क्रेडिट प्लस सेवासमेत एकैद्वारबाट विपन्नहरूले पाएमा देशको अर्थतन्त्र चलायमान गराउन, गरीबी न्यूनीकरण गर्न, वित्तीय अनुशासन कायम गर्न र उपयुक्त व्यावसायिक वातावरण कायम गरी गरीबी न्यूनीकरण गर्न सफल भई मुलुक आर्थिक समृद्धितर्फ लाग्न सक्छ ।**

**जितराम गौतम**

देशमा आर्थिक क्रियाकलाप घट्दो दरमा छ । सरकारलाई सञ्चालन खर्चका लागि पनि राजस्व आय आर्जन गर्न, व्यावसायिक लगानीकर्तालाई व्यवसाय, घरमुलीलाई घरखर्च चलाउन धौधौ भएको छ । देशभित्र व्यावसायिक क्रियाकलाप घटिरहेको छ । व्यावसायिक प्रतिष्ठानहरू विभिन्न समस्यामा छन्, शहरका सटर र व्यावसायिक भवनहरूमा 'टुलेट' लेखेका बोर्ड झुन्डिएका छन् । व्यावसायिक लगानीका लागि उपयुक्त वातावरण नभएको, बैंकहरूबाट कर्जा लगानी हुन नसकेर लगानीयोग्य रकम फ्रिज भएको, देशका युवा जनशक्ति अध्ययन वा श्रम गर्न विदेश जान भीड लागेको, देशमा निरन्तर उत्पादन घटेको, आयात बढेको समाचारले पत्रपत्रिका भरिएका छन् । देशमा कर्जा नतिर्ने, कालोसूची, धितो लिलाममा, बैंकिङ कसुरमा वृद्धि भएको तथा वित्तीय अनुशासन बिग्रिएर समाज अशान्त भएको छ । समाजमा गरीबी बेरोजगार, अराजकता विगतमा भन्दा बढेर गएको छ । देशमा गरीबी न्यूनीकरणका लागि शुरुआत भई व्यापक रूप लिएको लघुवित्त सेवामा विभिन्न समस्या देखिएको छ । विपन्नहरूसमेत कालोसूचीमा सूचीकृत भएका छन । गरीबी न्यूनीकरणको उद्देश्य लिएको लघुवित्त सेवामा नै समस्या किन देखियो ? लघुवित्तमा देखिएको समस्या समाधानका लागि क्रेडिट प्लस सेवा किन आवश्यक छ भन्ने सम्बन्धमा यस आलेख प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### लघुवित्त

सामान्यतया लघुवित्तको ससानो वित्तको अर्थ धनसम्पत्ति, मुद्रा, कर्जा बचत भनेर बुझिन्छ । यसरी लघुवित्त सेवा भन्नाले ससानो मात्रामा कर्जा, बचत, बीमा र विप्रेषण सेवा प्रदान गर्ने कार्यलाई बुझिन्छ । लघुवित्त भनेर बुझ्दा समाज, देश, काल समयअनुसार फरकफरक स्वरूपलाई बुझ्न पाइन्छ । तर, लघुवित्तको आशय सबै ठाउँमा एकै प्रवृत्तिको हुन्छ जसमा समाजमा रहेका विपन्न, गरीब, निर्धन, बेरोजगार तथा धितोविहीन समुदायलाई औपचारिक वित्तीय सेवाको पहुँचमा ल्याएर आर्थिक उत्थान हेतु प्रवाह गरिने वित्तीय सेवा हो । लघुवित्त सेवामा ससानो कर्जा, बचत, बीमा र विप्रेषणलगायत वित्तीय सेवा पर्छन् । यो सेवा विशेष गरी लक्षित वर्गलाई उत्प्रेरणा प्रदान गरेर समूह गठन गरी विनाधितो, सामूहिक जमानत, सरल प्रक्रियाबाट, सेवाग्राहीलाई पायक पर्ने स्थानमा प्रवाह गरिन्छ । समूह सदस्यहरूकै गाउँघरमा कारोबार स्थल, ससानो मात्रामा नगद कारोबार, आयमूलक क्रियाकलाप तथा प्रयोजनका लागि कर्जा, ससानो किस्तामा साप्ताहिक, पाक्षिक, मासिक रूपमा असुली, समूह, केन्द्र, पासबुक, केन्द्रको बैठक, सदस्य र कर्मचारी प्रतिज्ञा, केन्द्रमा हाजिरी, बीमा, राहत, सामाजिक क्रियाकलाप, सामूहिक एकता, सामूहिक जमानत, सामूहिक निर्णय, सामूहिक समर्थन तथा दबाब, पारदर्शी कारोबार, कर्मचारीको सहजीकरण ग्रामीण बैंकिङ लघुवित्तका विशेषता हुन् । लघुवित्त सेवा विभिन्न मोडलमा सञ्चालनमा आए तापनि मुख्य गरी बंगलादेशबाट शुरुआत भएको ग्रामीण बैंकिङ पद्धति नै मुख्य मोडल हो । यसका अतिरिक्त व्यक्तिगत मोडल, सानाकिसान मोडल, स्वसहयोग समूह, स्वावलम्बी समूह, भिलेज बैंक, सहकारीलगायत विभिन्न स्वरूप रहे तापनि ग्रामीण बैंक पद्धति नै लघुवित्तको मुख्य मोडल हो ।

लघुवित्त सेवाको लक्ष्य तथा उद्देश्य नै समाजमा रहेका गरीब, बेरोजगार, विपन्न, दलित, शोषित पीडित, सकुमबासी, निमुखा, निर्धन तथा महिला वर्गलाई प्रदान गरिने वित्तीय सेवा हो । लघुवित्त सेवा भन्नेबित्तिकै ससानो कर्जा विनाधितो, समूह जमानत, किस्ता किस्तामा असुली, उत्पादनमूलक प्रयोजनका लागि छोटो अवधिको कर्जा प्रवाह, ससानो अंकमा पनि बचत संकलन गर्नु, अनिवार्य बचत र सामूहिक बचत, वित्तीय सेवाका साथै गैरवित्तीय सेवा जस्तै वित्तीय साक्षरता प्रदान गर्ने, शीप विकास तालिम, विशेष गरी कर्जा बीमा, सदस्यको जीवन बीमा, परियोजना बीमा तथा स्वास्थ्य बीमा सेवा प्रदान गर्नु र समुदायको घरदैलोमै विप्रेषण सेवा प्रदान गर्ने जस्ता विशेषता लघुवित्त सेवाका हुन्छन् ।

लघुवित्त सेवाको पोकाभित्र कर्जा, बचत, बीमा, विप्रेषण सेवाका साथै गैरवित्तीय सेवाहरू समेत समावेश हुने भए पनि लघुकर्जा सबैभन्दा महत्त्वपूर्ण सेवा हो । लघुकर्जा विनाधितो समूह जमानतमा प्रदान गर्ने गरिन्छ । समुदायमा रहेका विपन्न समुदायमा लघुवित्त संस्थाले प्रदान गर्ने लघुकर्जाको महत्त्व धेरै हुन्छ । उनीहरूलाई ठूला बैंक वित्तीय संस्था र साहूमहाजनले कर्जा दिन आँट र विश्वास गर्दैनन् किनकि उनीहरूसँग बैंकबाट कर्जा लिन धितो हुँदैन, प्रक्रिया पूरा गर्न सक्ने ज्ञान, क्षमता हुँदैन । त्यसैले विपन्न वर्गलाई वित्तीय सेवा दिने हो र साँच्चिकै उनीहरूको उत्थान गर्ने हो भने उनीहरूलाई वित्तीय सेवाको पहुँचमा ल्याउने लघुवित्त सेवा एक अचुक अस्त्र हो भन्न सकिन्छ । साथै यसको विकल्पसमेत देखिँदैन ।

### क्रेडिट प्लस

वित्तीय सेवाको साथै प्रदान गरिने गैरवित्तीय सेवालाई क्रेडिट प्लस भनेर बुझिन्छ । वित्तीय सेवा र गैरवित्तीय सेवा नितान्त फरकफरक विषयवस्तु हुन् । यी दुवै सेवा एकै द्वारबाट प्रवाह गर्न सहज हुँदैन । वित्तीय सेवाको साथै गैरवित्तीय सेवा तथा क्रेडिट प्लस कार्यक्रम एकै ठाउँबाट तथा एकै संस्थाबाट प्रवाह गर्दा सेवाप्रदायकको सेवामा विशिष्टीकरण तथा प्रभावकारिता आउँदैन भन्ने व्यवसायमुखी सोच हो । तर, समाजमा रहेका विपन्न तथा निर्धन वर्गलाई प्रवाह गरिने वित्तीय सेवासँगै गैरवित्तीय सेवा पनि आवश्यकताअनुसार प्रवाह गर्नु सामाजिक रूपमा आर्थिक विकासको लागि अपरिहार्य आवश्यकता हो । क्रेडिट प्लसको आवश्यकता मनन त्यस्तो व्यक्तित्वले मात्रै गर्न सक्छ जसले अति विपन्नको कथाव्यथा, अभाव र समस्यालाई नजिकबाट नियालिरहेको हुन्छ । वास्तवमा लघुवित्त सेवाको अवधारणा अति विपन्नलाई वित्तीय सेवाको पहुँचमा ल्याएर तिनको परिवारको उत्थान गर्नु हो । अतिविपन्नमा वित्तीय सेवा मात्रै प्रदान गर्दा त्यो वित्तीय सेवा विपन्नलाई आकाशको फल हुन जान्छ, जो टिप्नै सक्दैनन् तथा उपयोगी हुँदैन, या त सेवाको अति नै दुरुपयोगले विपन्नका लागि घातक हुन्छ । लघुवित्त सेवाको परीक्षण गर्ने क्रममा नेपालमा परम्परागत बैंकहरूमार्फत विगतमा विगतमा सञ्चालित लघुवित्त कार्यक्रमबाट यो प्रमाणित भइसकेको छ ।

### क्रेडिट प्लस सेवाको आवश्यकता, महत्त्व

समाजमा समान आर्थिक विकासको लागि विपन्नलाई वित्तीय सेवाको पहुँचमा ल्याउन एकमात्रै उत्तम उपाय र माध्यम लघुवित्त सेवा हो । विपन्नको आर्थिक स्तर सुधार गर्न लघुवित्तको विकल्प छैन । तर, क्रेडिट प्लसविनाको व्यावसायिक लघुवित्त सेवाबाट अपेक्षाकृत उपलब्धि प्राप्त नभई समुदायमा लघुवित्त सेवाको प्रभावमा विभिन्न किसिमका विकृतिको सृजना भई लघुवित्त सेवा आलोचित र कलंकित बन्न सक्छ । यसको समाधानको लागि लघुवित्त सेवामा क्रेडिट प्लस सेवा तथा कार्यक्रमको आवश्यकता, महत्त्व र प्रभावकारिताबारे सरकार तथा आमसमुदायका साथै लघुवित्त संस्थाका लगानीकर्ता, यसका सञ्चालक, व्यवस्थापक र कर्मचारीहरू स्पष्ट हुन आवश्यक छ । लघुवित्त सेवा व्यावसायिक, नाफामूलक सेवा तथा कार्यक्रम नभएर समाजमा रहेका गरीब विपन्न तथा निर्धनहरूको उत्थानमा समर्पित सामाजिक सेवामूलक वित्तीय सेवा तथा कार्यक्रम हो भन्ने कुरा बुझ्न बुझाउन क्रेडिट प्लस सेवा आवश्यक छ । लघुवित्त गरीबी निवारणका लागि महत्त्वपूर्ण माध्यम हो । लघुवित्त सेवा गरीबी निवारणका लागि सारथि हो भन्ने कुराको पुष्टि लघुवित्त सेवाप्रदायकहरूले सञ्चालन गर्ने सेवामूलक क्रियाकलापबाट देखिन आवश्यक छ । गरीबी विरुद्धको संघर्ष गरिरहेका ग्रामीण दूरदराजका असहाय तथा अतिविपन्नहरूले समेत आभास गर्न सक्नुपर्छ । लघुवित्त सेवाप्रदायकहरू आवश्यकताअनुसारको सेवा तथा सहयोग गर्ने संस्था हुन् भनेर देखाउन लघुवित्त सेवामा क्रेडिट प्लस कार्यक्रम आवश्यक छ । विपन्न समुदायमा वित्तीय सेवा मात्रै प्रदान नगरेर वित्तीय सेवाको साथमा गैरवित्तीय सेवाको धेरै आवश्यकता हुन्छ । विपन्नहरूमा व्यावसायिक ज्ञान, शीपको विकास गर्न, वित्तीय तथा व्यावसायिक साक्षरता चेतना वृद्धि गर्न, जीविकोपार्जनमुखी स्वरोजगारलाई व्यवसायीकरण गर्न, आधुनिकीकरण तथा यन्त्रीकरण गर्ने, उनीहरूका उत्पादनलाई बजारीकरण गर्न उनीहरूलाई वित्तीय सेवाको साथै गैरवित्तीय सेवा आवश्यक हुन्छ । वित्तीय सेवाका साथमा क्रेडिट प्लस तथा गैरवित्तीय सेवाको माध्यमबाट विपन्नहरूको दिगो आर्थिक विकास गरी आर्थिक समृद्धि प्राप्त गराउन सकिन्छ । क्रेडिट प्लस सेवाको सपोर्टमा विपन्नहरूले लिने कर्जाको पूर्ण सदुपयोग गर्न गराउन सकिन्छ । कर्जाको पूर्ण र प्रभावकारी सदुपयोग हुँदा उनीहरूको वित्तीय सेवा उपभोगको स्तर वृद्धि हुन जान्छ । यसरी लघुवित्त सेवाबाट ग्राहक सदस्यको आर्थिक उन्नति हुँदै जाँदा लघुवित्त सेवा प्रवाह गर्ने संस्थाको पनि उन्नति हुन जान्छ ।

देशमा हाल लघुवित्त सेवाप्रतिको बढ्दो आलोचनालाई चिरेर लघुवित्त संस्थाले वित्तीय सेवाका साथै क्रेडिट प्लस सेवा दिन किन आवश्यक छ भन्ने कुरा बुझ्नुपर्ने समय भएको छ । लघुवित्त सेवा र क्रेडिट प्लस कार्यक्रम एक रथका दुई चक्का जस्तै हुन् । दुवै चक्काको बलियोपनबाट मात्रै लघुवित्त सेवा गरीबी निवारणका लागि विपन्नको सारथि बन्न सक्छ । गरीबी तथा विपन्नताको प्रकृति प्रवृत्ति तथा गहिराइ फरकफरक हुन्छ । सबै विपन्नका कथाव्यथा एकै प्रकारका हुँदैनन् । तसर्थ समाजमा रहेका फरकफरक विपन्न तथा गरीबलाई सम्बोधन गर्न वित्तीय सेवामा सहज पहुँचका साथै आवश्यकताअनुसारका गैरवित्तीय सेवाको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । फरकफरक आवश्यकता पूरा गर्न फरकफरक सेवाप्रदायकको ढोकामा गएर आवश्यकताअनुसारको सेवा लिने क्षमता विपन्न गरीबहरूसँग रहँदैन । ससानो स्तरमा फरकफरक ढोकामा गएर सेवा लिँदा महँगो पर्ने, समय धेरै लाग्ने साथै यातायात, सूचना र सञ्चारको समस्या पर्ने भएकोले विपन्नलाई एकद्वार सेवा प्रवाह गर्न सहज हुन जान्छ । गरीबी निवारणका लागि वित्तीय सेवामा पहुँच वृद्धि, लैंगिक समानता, बचत वृद्धि, स्वरोजगारी तथा रोजगारीमा वृद्धि, उद्यमशीलता वृद्धिका लागि वित्तीय समावेशितामा वृद्धि गर्नका लागि लघुवित्त सेवाको विकल्प छैन । लघुवित्त सेवाको विकल्पमा बहस गर्नु तथा सोच्नुभन्दा लघुवित्त सेवासँगै विपन्नको आवश्यकताअनुसार सबै प्रकारका सेवाहरू एकद्वारबाट प्रवाह गर्दा लघुवित्त सेवा प्रभावकारी भएको कुरा विभिन्न देशहरूमा गरिएको परीक्षण कार्यक्रमहरूबाट देखिएको छ ।

### लघुवित्त सेवामा समस्या र समाधान

लघुवित्त सेवाको उत्पत्ति नै विपन्नहरूको उत्थानका लागि उनीहरूलाई अन्य सेवाका साथसाथै वित्तीय सेवा प्रवाह गरेर उनीहरूको आम्दानीमा वृद्धि ल्याउने उद्देश्यले भएको हो । औपचारिक रूपमा प्रवाह गरिने वित्तीय सेवा तथा परम्परागत बैंकिङ सेवाले समेट्न नसकेका समाजमा रहेका निमुखा तथा निर्धनहरूलाई सेवा पुऱ्याउन, उनीहरूको उत्थानका लागि वित्तीय सेवा पुऱ्याउने प्रक्रियाका रूपमा लघुवित्त सेवाको सोच परिकल्पनाको विकास भएको हो । त्यसैले त नेपालमा लघुवित्तको शुरुआत गैरसरकारी संस्थाहरूले सामाजिक वित्तीय सेवाको रूपमा शुरुआत गरेका थिए । सरकारी तथा परम्परागत बैंकिङको सोचबाट सञ्चालित लघुवित्त कार्यक्रम असफल प्रायः भएका थिए । गैरसरकारी संस्थाले सामाजिक उत्थान तथा विकासको सोचबाट सञ्चालित लघुवित्त सेवा नमूनाकै रूपमा सफल हुँदै गए । समयको उतारचढावसँगै देशमा भएको सामाजिक उथलपुथल राजनीतिक परिवर्तनसँगै आएको नयाँनयाँ ऐनकानून र शासन व्यवस्थामा भएको नेतृत्व परिवर्तनसँगै नियामक निकायहरूले सम्पूर्ण वित्तीय सेवालाई एकै डालोमा राखेर एकै शैली र विधिले शुरू गरेको विकास विस्तार तथा नियमन प्रक्रियाले गर्दा लघुवित्त सेवामा समस्या देखिन गएको हो । त्यसैले लघुवित्त सेवामा देखिएको समस्या समाधान, यसको विकल्प सोच्नुभन्दा अगाडि अन्य वित्तीय सेवा र लघुवित्त सेवाबीचको फरक थाहा पाउन लघुवित्त सेवाको परिकल्पना के हो ? लक्ष्य के हो ? उद्देश्य के हो ? लक्षित वर्ग को हो ? लघुवित्त सेवाको शुरुआत कसरी भयो ? किन भयो ? सञ्चालन प्रक्रिया के हो ? अन्य बैंकिङ सेवाभन्दा किन फरक छ ? लक्षित वर्ग किन फरक छ ? लक्षित वर्गको आवश्यकता के हो ? लक्षित वर्गको क्षमता कति छ ? के कस्तो सेवाले के कस्तो प्रभाव पार्छ ? सेवामा प्रभावकारिता कसरी आउँछ ? भन्ने प्रश्नहरूको उत्तर देशको सरकार, नियामक निकाय, लघुवित्तका लगानीकर्ता, सञ्चालक, व्यवस्थापकदेखि लक्षित वर्गको घरदैलोमा सेवा पुऱ्याउने कर्मचारी हुँदै लक्षित वर्गसम्म प्रभावकारी रूपमा सञ्चार हुन आवश्यक छ ।

### लघुवित्तको मूलमन्त्र

आजभन्दा ३२ वर्षअगाडि नेपालमा लघुवित्त सेवाको शुरुआतको हुँदा लघुवित्त संस्थाहरूले अपनाएको स्वनियम, स्वअनुशासन, स्वनियन्त्रण आज पनि लघुवित्त सेवामा उत्तिकै आवश्यक छ । नियामक निकायको प्रभावकारी नियमनको अभाव, सबै वर्गका बैंक वित्तीय संस्थालाई एकै निकायको मातहतमा राखेर समान प्रकृति र प्रवृत्तिले समानखालकै मापदण्डमा सञ्चालन व्यवस्थापनको परिकल्पनाले गर्दा लघुवित्त सेवामा समस्या आएको कुरा बिर्सनु हुँदैन । नेपालमा लघुवित्त सेवाको शुरुआत विकास र विस्तारमा नेपाल सरकार, नियामक निकायको जति धेरै योगदान छ त्यतिकै यसको अवस्था बिग्रनुमा पनि ठूलो भूमिका रहेको छ भन्दा फरक पर्दैन । लघुवित्त संस्था आफै स्वनियमन, स्वअनुशासन र स्वनियन्त्रणमा सञ्चालन हुनुपर्ने सेवा हो । लघुवित्तमा नियमन प्रभावकारी हुन त लघुवित्त सेवाको अन्तरभावलाई आन्तरिकीकरण गरेका नियमन गर्ने व्यक्ति, संस्था नियमनकारी निकाय स्थापना हुनुपर्छ । लघुवित्त सेवावारेमा अझै पनि नेपाली विश्वविद्यालयका पाठ्यक्रममा यथेष्ट रूपमा समावेश गरिएको छैन । लघुवित्त सेवा विषयमा अध्ययन अध्यापन नभए पनि यससम्बन्धी जनशक्तिको धेरै आवश्यकता रहेको छ । लघुवित्त सेवाबारेमा औपचारिक अध्ययन गरेर ज्ञान आर्जन नगरी सतही रूपमा लघुवित्तको जानकारी लिएकाहरूबाट लघुवित्त सेवाको नियमन, सञ्चालन, व्यवस्थापन घातक सिद्ध भएको छ । नेपालमा लघुवित्त विषयवस्तुभित्रको विस्तृत ज्ञानको अभाव, व्यावसायिक विज्ञताको अभाव, विषयवस्तुलाई आन्तरिकीकरणको अभाव भएकाहरू पहुँच र लगानीकर्ताको आडमा लघुवित्त सेवाका नेतृत्वकर्ता, नियमनकर्ता, व्यवस्थापन र कर्मचारी भई अगाडि आउँदा लघुवित्त सेवा कुहिरोमा हराएको कागजस्तै दिशाविहीन बनेको अवस्था छ । लघुवित्त सेवा सम्बन्धमा औपचारिक शिक्षाको अभावको परिपूर्ति लामो समयसम्म लघुवित्त सेवामा सर्मपण भएर वर्षौंको अनुभव सँगालेको जनशक्तिबाट गर्नुपर्नेमा अन्य विषयवस्तु अध्ययन गरेका, परम्परागत बैंकिङ सिद्धान्त र नियमको औपचारिक अध्ययन पूरा गरेर छोटो अनुभव भएका व्यक्तिहरूले लघुवित्त सेवाको नेतृत्व, नियमन तथा सञ्चालन व्यवस्थापन गर्दा लघुवित्तका सेवाको उद्देश्यमा विचलन आएको हो । लघुवित्त सेवाको उद्देश्यमा आएको विचलनले लघुवित्त सेवाको भविष्यमा पनि अन्योल देखिनु नौलो कुरा भएन । यसरी लघुवित्त सेवाको उद्देश्यमा विचलन आउन नदिन लघुवित्त सेवालाई आन्तरिकीकरण गरेका, लघुवित्त सेवामा लामो र विशेष अध्ययन अनुभव भएका विषयविज्ञ, ज्ञाताहरू नेतृत्वमा हुनुपर्ने कुरामा द्विविधा भएन ।

लघुवित्त सेवाको मूलमर्म भनेको देश, समाजमा व्याप्त गरीबीलाई न्युनीकरण गर्नु हो । गरीबी न्यूनीकरण गर्न लघुवित्त मूल अस्त्र रहेको कुरा विश्वव्यापी रूपमा प्रमाणित भइसकेको वर्तमान अवस्थामा नेपालमा लघुवित्तको विकल्प आवश्यक छैन । लघुवित्तको विभिन्न मोडलमा नेपालमा ग्रामीण पद्धतिले नै व्यापकता पाएको कुरामा पनि विवाद छैन । यस अवस्थामा देशभित्र लघुवित्त सेवामा देखिएका समस्या भनेको लघुवित्त सेवाको उद्देश्य र नेतृत्वमा आएको विचलन हो । लघुवित्त सेवा सामाजिक व्यवसाय भएकाले यसका क्रियाकलाप व्यवसायमुखीभन्दा धेरै सामाजिक सेवामुखी हुनु र देखिन आवश्यक छ । तसर्थ लघुवित्त सेवाग्राहीहरूको आवश्यकताअनुसार क्रेडिट प्लस सेवा लघुवित्तमा अपरिहार्य रहेको छ । लघुवित्त सेवासंगै क्रेडिट प्लस सेवासमेत एकैद्वारबाट विपन्नहरूले पाएमा देशको अर्थतन्त्र चलायमान गराउन, गरीबी न्यूनीकरण गर्न, वित्तीय अनुशासन कायम गर्न र उपयुक्त व्यावसायिक वातावरण कायम गरी गरीबी न्यूनीकरण गर्न देश सफल भई आर्थिक समृद्धि प्राप्त गर्न सकिने कुरा संस्था, समाज र देशको नेतृत्व गर्नेहरूले बुझ्नु आजको आवश्यकता हो ।

*लेखक लघुवित्त र लघुबीमा क्षेत्रमा लामो अनुभव प्राप्त अधिवक्ता तथा मेलमिलापकर्ता हुन् ।*

- **वित्तीय सेवाको साथै प्रदान गरिने गैरवित्तीय सेवालाई क्रेडिट प्लस भनेर बुझिन्छ ।**
- **लघुवित्त सेवा विभिन्न मोडलमा सञ्चालनमा आए तापनि मुख्य गरी बंगलादेशबाट शुरूआत भएको ग्रामीण बैंकिङ पद्धति नै मुख्य मोडल हो ।**
- **अतिविपन्नमा वित्तीय सेवा मात्रै प्रदान गर्दा त्यो वित्तीय सेवा विपन्नलाई आकाशको फल हुन जान्छ ।**
- **वित्तीय सेवाका साथमा क्रेडिट प्लस तथा गैरवित्तीय सेवाको माध्यमबाट विपन्नहरूको दिगो आर्थिक विकास गरी आर्थिक समृद्धि प्राप्त गराउन सकिन्छ ।**

पाठक पत्र

# सरकारको आकार तत्काल घटाउन आवश्यक

नेपालमा सरकारको आकार निकै ठूलो भएको छ । त्यसैले आम्दानीभन्दा खर्च बढी भएर सरकार घाटामा छ । स्थायी सरकार पनि ठूलो छ तर परिणाम छैन । संघीयदेखि स्थानीय तहसम्म हिसाब गर्दा जनप्रतिनिधिका नाममा सरकारी भत्ता खानेको संख्या पनि झनै ठूलो छ । जनतामाथि भएभरको करको भारी थोपरेर यति ठूलो सरकार बनाउनु कुनै पनि हालतमा जायज हुन्न । सरकारले सरकारको आकार घटाउने भने पनि त्यसतर्फ सिन्को भाँचेको छैन, बरु थपेको छ । खर्च घटाउन समिति बनाए पनि त्यस्तो समितिको सुझावलाई लत्याएको छ । तर, बारम्बार आफ्ना संरचनाहरूको आकार घटाउने कुरा गर्न भने छाडेको छैन । अहिले पनि सरकारले आफ्ना संरचनाहरू गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्ने सम्बन्धमा विभिन्न आयोग र कार्यदलले दिएका सुझाव कार्यान्वयन गर्ने निर्णय गरेको समाचार आएको छ । तर, यस्तो निर्णय गरेकै हो भने पनि काम हुनेमा भने विश्वास गर्न सकिँदैन ।

सार्वजनिक खर्च पुनरवलोकन आयोग २०७५, उच्चस्तरीय आर्थिक सुधार सझाव आयोग २०८१ र एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग-अलग संरचना गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन दिएको छ । काम नै नभएका, एउटै काम गर्ने एकभन्दा बढी कार्यालय भएका, संघ, प्रदेश र स्थानीय तहबीच दोहोरोपन भएका सरकारी निकाय कुनै पनि हालतमा राख्नु हुन्न । यस्ता कार्यालय हटाउनुपर्छ र सोही अनुरूप कर्मचारी पनि घटाउनु पर्छ । अमेरिकाजस्तो मुलुकले हजारौं कर्मचारी हटाएको छ र सरकारी खर्च घटाइरहेको छ भने नेपाल चाहिँ ऋण लिएर यस्तो कर्मचारी पालेर बसेको छ । विकासका लागि खर्च गर्न भने पैसा छैन । संघीय सरकारको खानेपानी मन्त्रालयले गर्ने अधिकांश काम प्रदेश र स्थानीय तहमा गएकाले यो मन्त्रालय पूरै खारेज गर्नुपर्छ । पर्यटन मन्त्रालय, शिक्षा मन्त्रालय आदिमा यति धेरै विभाग आवश्यक नै छैन ।

*राजेश कायस्थ*
*कालिमाटी, काठमाडौं ।*



तस्बीर : रासस

मोरङको सुन्दरहरैँचा नगरपालिकाको गोठगाउँस्थित बारीमा बेमौसमी मकै भाँच्दै किसान ।

# मुख्य याममै सौराहामा पर्यटक आएनन्

चितवन । विगतका वर्षमा यो समय सौराहा पर्यटकले भरिन्थे । होटलहरूको अकुपेन्सी पनि राम्रो हुन्थ्यो । यसपालि त्यस्तो भएन । चिनियाँ पर्यटक कम आएसँगै यहाँको पर्यटकीय गतिविधि प्रभावित भयो । विगतमा जस्तो भारतीय र तेस्रो मुलुकका पर्यटक पनि उल्लेख्य आएका छैनन् । स्वदेशी पर्यटकको संख्या पनि न्यून रहेको व्यवसायीले बताएका छन् । चितवन फरेस्ट रिसोर्टका सञ्चालक दीपक भट्टराई विगतका वर्षमा यतिबेला आफ्नो होटलमा ८० प्रतिशत चिनियाँ पर्यटक हुने गरेकामा यस वर्ष ४० प्रतिशत पनि नपुगेको बताउँछन् । चिनियाँ पर्यटक किन आएनन् भन्ने जानकारी नभएको भन्दै उनले नेपालीहरू नयाँ गन्तव्यमा गएको बताए ।

उनले भने, 'मनाङ, मुस्ताङ, राराजस्ता हिमाली क्षेत्रका गन्तव्यमा स्वदेशी पर्यटक गएका छन्, यहाँ कम आए ।' सौराहामा नयाँ कार्यक्रमहरू दिन नसक्दा पनि एकपटक यहाँ आउने पर्यटक फर्किएर आउन इच्छा नगर्ने उनको भनाइ छ ।

सिद्धार्थ भिलासा वनवासका महाप्रबन्धक प्रकाश न्यौपाने खर्चिला चिनियाँ पर्यटक सौराहा नआएको बताउँछन् । चिनियाँ पर्यटकको एक समूहको भनाइ उद्धृत गर्दै उनले भने, 'काठमाडौंमा फागु खेल्न यस वर्ष भारतीयभन्दा चिनियाँ पर्यटक बढी आए, यहाँ भने आएनन् ।'

क्षेत्रीय होटल संघ सौराहाका महासचिव गुणराज थपलिया विगत वर्षहरूको तुलनामा यसपालि सौराहामा आधा मात्रै पर्यटक आएको बताउँछन् । चैत पहिलो सातादेखि असारसम्म यहाँ धेरै पर्यटक आउने गर्छन् । यो मौसमलाई सौराहाका होटल व्यवसायीले राम्रो यामका रूपमा लिन्छन् ।

थपलिया मुख्य रूपमा सडकका कारण पर्यटक कम भएको अनुमान गर्छन् । काठमाडौंबाट आउनेका लागि विस्तार हुँदै गरेको मुग्लिन-नौबीसे सडक, पोखराबाट आउनेका लागि मुग्लिन-पोखरा सडक र भैरहवातर्फबाट आउनेका लागि नारायणगढ-बुटवल सडकको अवस्था सहज नभएकाले पनि पर्यटक घटेको उनको अनुमान छ । यस्तै भारतको महाकुम्भ मेला पनि पर्यटक घट्नुका कारण भएको उनको भनाइ छ ।



**व्यवसायीका अनुसार यो बेला होटलहरूमा ९९ प्रतिशतसम्म बुकिङ हुन्थ्यो । यस वर्ष ३५ देखि ४० प्रतिशत मात्रै पर्यटक छन् ।**

जंगल सफारी लजका सञ्चालक सुमन घिमिरे चिनियाँहरूले यस वर्षलाई 'नेपाल भ्रमण वर्ष'का रूपमा मनाउन थाले पनि नेपाल आउनेको संख्या कम भएको बताउँछन् । नेपालका पर्यटकीय गन्तव्यमा समेत गतिविधि गरेर आकर्षण गर्न नसकेको उनको भनाइ छ । चीनको छेन्दु-पोखरा उडान भएपछि केही पर्यटक बढ्ने आशा आफूहरूमा रहेको उनले बताए । घिमिरेले भन्छन्, 'सन् २०२५ मा चिनियाँ पर्यटकबाट धेरै आशा गरेको भएपनि हुन सकेन ।' नेपालको पर्यटन प्रवर्द्धनका लागि चीन र भारत नै मुख्य रहेको घिमिरेको भनाइ छ ।

गतवर्ष यतिबेला एउटा हात्तीले पर्यटकलाई दैनिक तीनपटक जंगल घुमाउँथ्यो । हात्ती सञ्चालन गर्दै आएको युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा अहिले यो संख्या आधा भएको बताउँछन् । रेस्टुरेन्ट एन्ड बार एसोसिएसन (रेबान) का पूर्वअध्यक्ष समेत रहेका खतिवडा रेस्टुरेन्टहरूको व्यापार पनि अपेक्षाकृत नभएको बताउँछन् ।

संघका अध्यक्ष गंगा गिरीले चिनियाँ पर्यटक धेरै आउँदा ती पर्यटक धेरै राख्ने होटलहरू भरिने र अन्य पर्यटकले अरु होटल भरिने भए पनि अहिले त्यस्तो नभएको बताए । गतवर्षहरूमा यतिबेला दैनिक ५०० चिनियाँ पर्यटक सौराहा आइपुग्थे । यो वर्ष १५० देखि २०० मात्रै आएको उनको भनाइ छ ।

एकै दिन हजार हाराहारीसम्म भारतीय पर्यटक आउने सौराहामा यतिबेला १५० हाराहारी मात्रै आएका छन् । गिरीले भने, 'एक हजारभन्दा बढी तेस्रो मुलुकका पर्यटक आउने सौराहामा यो वर्ष देख्न मुश्किल छ ।'

उनको भनाइमा यस याममा ९९ प्रतिशतसम्म बुकिङ हुन्थ्यो । यस वर्ष ३५ देखि ४० प्रतिशत मात्रै पर्यटक छन् । भूकम्पअघिसम्म तातोपानी नाकाबाट आफ्नै सवारीमा आउने चिनियाँ पर्यटक सडक नबन्दा रोकिएको उनी बताउँछन् । यस्तै हवाई यात्रा महँगो हुँदा पनि चिनियाँसँगै अरु पर्यटक प्रभावित भएको गिरीले बताए ।

अहिले आएका पर्यटकमध्ये ६० प्रतिशत नेपाली छन् । उनी भन्छन्, 'धेरथोर स्वदेशी पर्यटकले सौराहा धानेको छ ।' सौराहामा १४८ ओटा होटल छन् । यी होटलको क्षमता ७ हजार २०० पर्यटक हो । गिरीका अनुसार ती होटलमा ४ खर्ब रुपैयाँभन्दा बढी लगानी छ । प्रत्यक्ष रूपमा ६ हजार ४०० ले रोजगारी पाएका छन् । अप्रत्यक्ष रोजगारी पाउनेको संख्या १२ हजारभन्दा बढी छ । हरेक वर्ष पर्यटक घट्दै गएपछि धेरै होटलको अवस्था नाजुक छ । गिरीले भने, 'एउटा ठूलो होटल बैंकको लिलाम निस्किसकेको छ, अरु धेरै लिलामीको चरणमा छन् ।' *रासस*

# मेवाका बिरूवाको माग बढ्दो



चितवन । जिल्लामा सरकारी स्तरमा उत्पादन गरिएको मेवाको बिरुवाको माग बढ्दै गएको छ । व्यावसायिक कीट विकास फार्म, भण्डाराले उन्नत जातको मेवाका बिरुवा उत्पादन गरेर विक्री गर्न थालेपछि माग बढेको हो ।

कार्यालयका सूचना अधिकारी कमलनयन पन्तका अनुसार फार्मको जग्गामा लगाइएका बिरुवा विक्रीका लागि तयार भएका छन् । उनले भने, 'थोरै बिरुवा उत्पादन गरिएको भए पनि माग उच्च छ ।' अहिले चार हजार बीउ लगाइएकामा तीन हजार हाराहारी बिरुवा उत्पादन भएका छन् । उनका अनुसार रेड लेडी जातको मेवाका बिरुवा उत्पादन गरी विक्री गर्न थालिएको हो । यो ताइवानको बीउ हो । यो मेवा फल धेरै लाग्ने र छोटो समयमा खानका लागि तयार हुने गर्छ । गत माघको दोस्रो साता लगाइएको बीउका बिरुवा अहिले रोप्नका लागि तयार भएका हुन् ।

अझै एक हप्तापछि रोप्न उपयुक्त हुने उनले बताए । यसले बिरुवा रोपेको १० महीनापछि राम्रो उत्पादन दिने गर्छ । कार्यालयका कृषि प्राविधिक पवनकुमार यादवका अनुसार उन्नत जात भएकाले एक वर्ष उत्पादन लिएर पुनः बिरुवा लगाउँदा उपयुक्त हुन्छ । यसले २/३ वर्षसम्म पनि फल भने दिने गर्छ । पछिल्लो वर्षमा उत्पादन क्षमता घट्दै जाने उनको भनाइ छ । उत्पादन राम्रो हुने भएकाले किसानले बिरुवाको माग धेरै गरेका छन् । हालसम्म चार हजारभन्दा बढी बिरुवाको माग भइसकेको छ । पहिला नाम टिपाउनेलाई बिरुवा दिने उनले बताए । दुईपटक गरेर बिरुवा उमार्ने लक्ष्य लिइए पनि बीउ नपाउँदा दोस्रो लट रोप्न नपाएर मागअनुसार दिन नसकिएको हो । धेरै एकैचोटि लगाउँदा खेर जान सक्ने भएकाले शुरूमा थोरै लगाइएको उनले बताए । *रासस*

# दूध बेचेर मासिक दुई लाख नाफा

तनहुँ । जिल्लाको व्यास नगरपालिका-१३, बेलबासका लेखनाथ बाँस्तोला चार वर्षदेखि व्यावसायिक गाईपालनमा छन् । गाडी व्यवसायीसमेत रहेका बाँस्तोलाले कोरोना संक्रमणको बेला बन्दाबन्दी हुँदा चर्को समस्या खेप्नु परेपछि गाउँ फर्किएर पशुपालन शुरू गरेको बताए । बन्दाबन्दी हुनुअघि गाडी व्यवसायबाट राम्रै आम्दानी हुने गरे पनि बन्दाबन्दीका कारण व्यवसाय धराशयी बनेपछि आफूले यो पेशा अँगालेको कृषक बाँस्तोलाले बताए । उनको फार्ममा अहिले २२ ओटा गाई छन् । तीमध्ये १५ ओटा लैना गाईबाट दैनिक २०० लिटर दूध विक्री गर्दै आएका छन् । '१ करोड रुपैयाँ लगानी भयो,' उनी भन्छन्, 'मासिक ४ लाख रुपैयाँको दूध विक्री गर्छु, सबै खर्च कटाएर मासिक २ लाख रुपैयाँ नाफा बस्छ ।'

त्यसैगरी अर्का दुग्ध व्यवसायी मेघनाथ आचार्यले ९ ओटा गाईबाट दैनिक ४० लिटर दूध विक्री गर्दै आएका छन् । १३ वर्ष वैदेशिक रोजगारीमा रहेका आचार्य स्वदेश फर्किएर गाईपालन व्यवसायमा लागेका हुन् । खर्च कटाएर मासिक ४५ हजार रुपैयाँ कमाइरहेको कृषक आचार्य बताउँछन् । आफ्नो ४ रोपनी र भाडामा १२ रोपनी जग्गा लिएर घाँसखेती गरेको छु,' उनले भने, 'शुरूमा १० लाख रुपैयाँ लगानी गरी थालिएको व्यवसायबाट परिवार सन्तुष्ट छौं ।' गाउँका अधिकांश व्यक्ति पशुपालन र कृषिमा लागेपछि यस क्षेत्रको मुहार फेरिएको छ । आर्थिक क्षेत्रमा सबल बन्नुका साथै अन्यका व्यक्तिका लागि पनि गरे हुँदोरहेछ भन्ने गतिलो सन्देश यस क्षेत्रका पशुपालन कृषकले दिएका छन् ।



गाउँबाट दैनिक १ हजार ६०० लिटर दूध विक्री भइरहेको छ । उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखरामा पुग्छ । संस्थामा आबद्ध १०० जना शेयर सदस्यमध्ये ६५ जना कृषकले पशुपालनबाट दुग्ध उत्पादन गर्दै आएको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिए ।

उनी भन्छन्, 'कृषकको खरीद मूल्यअनुरूप दैनिक १ लाख ३० हजार रुपैयाँ मूल्यको दूध संकलन हुने गरेको छ, थोरैमा १५ हजारदेखि २ लाख रुपैयाँसम्म मासिक कमाउने गरेका छन् ।' यहाँ उत्पादित दूधमध्ये दमौलीमा रहेका २ डिपोबाट ६०० लिटर र बाँकी १ हजार लिटर दूध सुजल डेरी पोखरामा पठाउने गरिएको छ । पोखरा नपठाई स्थानीय बजारमै खपत गर्न सके यहाँका कृषकले अझै बढी फाइदा लिन सक्ने उनको भनाइ छ ।

दूधका साथै दही, पनिर, नौनी र घिउ पनि विक्री गर्ने गरिएको छ । ८ जना कर्मचारीले प्रत्यक्ष रोजगारी पाएका छन् । यस क्षेत्रका अधिकांश मानिसहरू पशुपालन गरी आत्मनिर्भर बन्न सफल भएका छन् । व्यावसायिक पशुपालनलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर रानाले बताए । *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

**उपभोक्ताले न्याय ...**

अदालत सञ्चालनमा आएसँगै मुद्दा पर्दा कसरी अघि बढ्ने र कसरी फैसला गर्ने भन्ने विषयमा अन्तरराष्ट्रिय नजीरहरूसमेत हेरेर अघि बढ्नुपर्ने सरोकारवालाले बताएका छन् । उपभोक्ता हित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँले यसमा नेपालको कानुनभन्दा पनि विदेशमा भएका अभ्यासहरूलाई हेर्नुपर्ने बताए ।

अस्पतालमा धेरै मूल्य लिएकोदेखि तरकारीमा ठगीसम्मका मुद्दा यो अदालतमा जाने उनले बताए । विगतदेखि नै आफूहरूले उपभोक्ताको हक, अधिकार र स्वास्थ्यसँग खेलवाड गर्नेलाई अदालतबाट क्षतिपूर्ति भराएको उदाहरण दिँदै उनले उपभोक्ता अदालत स्थापनापछि न्यायको प्रक्रिया अझ छिटो हुने विश्वास व्यक्त गरे ।

नेपालमा हालसम्म उपभोक्ता अदालतसम्बन्धी अभ्यास छैन । पहिलोपटक अभ्यासमा आउन लागेको यस अदालतले शुरुआती चरणमा उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाभित्रका मुद्दा हेर्ने बताइएको छ ।

सर्वोच्च अदालतले २०७८ सालमा सातओटै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न आदेश दिएको थियो । शुरुआती चरणमा उपत्यका र पछि अन्य जिल्लामा समेत यसले काम गर्ने गरी प्रक्रिया अघि बढिरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बताएको छ । मन्त्रिपरिषद्ले न्यायपरिषद्को सिफारिशअनुसार काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मालाई उपभोक्ता अदालतको अध्यक्ष नियुक्त गरेको छ । त्यसैगरी उपसचिव गेहेन्द्रराज रेग्मीलाई न्याय सेवा आयोगले र उपसचिव आनन्दराज पोखरेललाई उद्योग मन्त्रालयले उपभोक्ता अदालतको सदस्य तोकेका छन् ।

यी दुईमध्ये एक जना मात्रै सदस्य उपस्थित रहेको इजलाशले मुद्दाको थुनछेकबाहेकको अन्य कारबाही र दुवैजना सदस्य उपस्थित भएको इजलाशले थुनछेकलगायत अन्य जुनसुकै कारबाही गर्न सक्ने व्यवस्था रहेको छ ।

नेपालको संविधानको धारा ३६ ले खाद्यसम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ । तर, त्यसको कार्यान्वयन फितलो हुँदा उपभोक्ता ठगिने क्रम बढेको छ । वरिष्ठ अधिवक्ता डा. नारायण घिमिरेले पनि नेपालमा उपभोक्ता अदालत पहिलोपटक अभ्यासमा आउन लागेकाले यसले विदेशमा भएका नजीरहरूलाई समेत आधार मानेर अघि बढ्नुपर्ने बताए ।

विदेशमा उपभोक्ता ठगीमा परेको विषयमा धेरै ठूलो आर्थिक जरीवाना हुने गरेको उनको भनाइ छ । होटेलमा सुत्न गएका ग्राहकलाई उडुसले टोकेपछि ग्राहकले मुद्दा हाल्दा १६ लाख रुपैयाँ अमेरिकी डलर क्षतिपूर्ति पाएको उदाहरण रहेको उनले जानकारी दिए । उपभोक्तालाई ठगिनबाट बचाउन ठूलो मात्रामा जरीवाना तिराएको खण्डमा विक्रेताहरू पनि सचेत हुने उनको भनाइ छ ।

उपभोक्ता अदालतका सदस्य न्यायाधीश गेहेन्द्रराज रेग्मीले उपभोक्तालाई परेको मर्काको विषयमा यो अदालतले छिटो न्याय सम्पादन गर्ने बताए । अहिले उपभोक्तासम्बन्धी अन्य अदालतमा रहेका मुद्दाहरू नसर्ने र नयाँ मुद्दाहरू आइतवारदेखि उपभोक्ता अदालतले हेर्ने उनले जानकारी दिए ।

**सहकारीमा बचत ...**

'बचतको सीमा र सञ्चालकको कार्यकालको विषय संशोधन गर्न सहकारी अभियन्ताहरूले दबाब दिइरहेका थिए,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'उनीहरूलाई खुशी बनाउने गरी प्रतिस्थापन विधेयकमा प्रस्ताव गरिएको छ ।'

अध्यादेशमा सहकारीको सञ्चालक समितिमा एक व्यक्ति लगातार २ कार्यकालभन्दा बढी बस्न नपाउने प्रावधान राखिएकोमा विधेयकमा कुनै एक पदमा मात्र लगातार २ कार्यकाल बस्न नपाउने प्रस्ताव गरिएको छ ।

यसैगरी अध्यादेशमा राखिएको सहकारी नियमन प्राधिकरणको अध्यक्ष तथा सदस्यको सिफारिश समितिको व्यवस्था पनि विधेयकमा संशोधन गरिएको छ । यसअघि प्राधिकरणको अध्यक्ष तथा सदस्यको सिफारिश समितिमा पूर्वगभर्नरमध्ये एक जना सदस्य रहने व्यवस्था संशोधन गरी पूर्वअर्थसचिव राख्न प्रस्ताव गरिएको छ ।

सरकारले माघ दोस्रो साता प्राधिकरण सञ्चालनमा ल्याए पनि हालसम्म अध्यक्ष र विज्ञ सदस्य नियुक्त गर्न सकेको छैन । मन्त्रालय स्रोतका अनुसार सिफारिश समितिमा पूर्वगभर्नर रहने व्यवस्था कार्यान्वयन गर्न नसकिएकाले समस्या भएको छ । सोही कारण पूर्वगभर्नर सदस्य रहने व्यवस्थासमेत हटाइएको हो । बचत तथा ऋण सहकारीहरू धमाधम समस्याग्रस्त भई सदस्यको बचत जोखिममा परेपछि सरकारले अध्यादेशमार्फत प्राधिकरण गठन, कर्जा सूचना केन्द्र, बचत तथा ऋण सुरक्षण कोषलगायत प्रावधान राखेर ऐन संशोधन गरेको थियो । अध्यादेश जारी भएको २ महीना बितिसक्दा पनि सहकारीका समस्या समाधानमा ठोस काम हुन सकेको छैन । सहकारीका बचतकर्ताको रकम फिर्ता अन्योलमा छ ।

**अगाडि नबढाउन ...**

गृह मन्त्रालय स्रोतका अनुसार अहिले कानूनविना नै सरकारले पूर्वविशिष्ट पदाधिकारीहरू र पूर्वराजा ज्ञानेन्द्र शाहलाई सुविधा दिँदै आएको छ । मन्त्रिपरिषद्को निर्णयबाट पूर्वविशिष्ट पदाधिकारीहरूलाई सचिवालय सुविधा, सुरक्षा, आवासलगायतको व्यवस्था भइरहेको छ । यसरी विनाकानून सुविधा नदिनु, कानून बनाएर मात्र दिनु भनेर सर्वोच्च अदालतले २०६८ सालमा आदेश दिएको थियो । तर, लामो समयसम्म पनि त्यसपछिका सरकारहरूले कानून बनाएका छैनन् । मन्त्रिपरिषद्ले पुस ९ मा गृह मन्त्रालयको प्रस्तावबमोजिम 'पूर्वविशिष्ट पदाधिकारीको सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने' निर्णय गरेको थियो ।

तर, यस विषयमा कानून बनाउन खोज्दा अहिले त्यसको व्यापक विरोध भएको हो । देशको अर्थतन्त्र माथि उठन नसकेको र जनताले आर्थिक अवसरहरू नपाउँदा दैनिक हजारौं मानिस कामका लागि विदेश भासिइरहेका बेला सरकारले पूर्वविशिष्टलाई जीवनभर सुविधा दिने कानून ल्याउन खोजेपछि विरोधमा स्वर उरालिएको हो ।

कांग्रेस नेता थापाले राज्यकोषको दुरुपयोग भइरहेको कुरालाई रोक्न कानून बनाउन लागेको भए त्यो स्पष्टसँग सरकारले भन्नुपर्ने बताए ।

'अहिले सरकारले के भन्नुपऱ्यो भने म यस्तो कानून बनाउँछु, मैले बनाएको कानूनबाट नेपालमा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सेनापति, सभामुख भइसकेको व्यक्तिहरूलाई राज्यले दिनैपर्ने न्यूनतम सुविधा दिन्छु,' थापाले भने, 'त्योबाहेक राष्ट्रको ढुकुटीमा अत्यन्त ठूलो दबाब परेको छ, त्यसकारण सरकारले चाहेका बेलामा मन्त्रिपरिषद्बाट निर्णय गरेर जति चाह्यो त्यति पैसा दिने लामो समयदेखिको अभ्यास कानून बनाएर रोक्छु भन्नुपर्छ ।'

उनले स्थानीय तह र प्रदेश सरकारले पनि कानून बनाएर पूर्वपदाधिकारीलाई सरकारी कोषबाट सुविधा दिने कुराको अन्त्य गर्नुपर्ने बताए ।

प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) का नेता तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले राज्यका पूर्वविशिष्ट व्यक्तिहरूलाई सुविधा दिनका लागि कानून निर्माण गर्नुको औचित्य नभएको बताएका छन् । समाजवादी मोर्चा, नेपालले शनिवार ललितपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा माओवादी अध्यक्ष दाहालले यस विषयमा संसद् र राजनीतिक दलबीच छलफल नभएको बताए ।

'त्यो मस्यौदा अहिले बेमौसमको बाजाजस्तो किन गरेको होला भनेर हामीले पार्टीभित्र पनि भनिसकेका छौं । यो अहिले जरुरी कुरा होइन,' दाहालले भने ।

उनका अनुसार पूर्वविशिष्टलाई आजीवन सुविधा दिनका लागि सरकारले कानून निर्माण गर्न लागेको भन्ने सार्वजनिक भए पनि प्रतिपक्षी दलसँग त्यसबारे छलफल भएको छैन । 'अहिले विशिष्ट श्रेणीलाई के के दिने भन्नेबारे राजनीतिक दल र संसद्मा पनि छलफल भएको छैन,' उनले भने ।

तर, सरकारका उपप्रधान एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले भने सरकारको कदमको प्रतिरक्षा गरे । 'विगतका सरकारले निर्णय गर्दा पछि अदालतले कानून बनाएर लागू गर्न निर्देशन दिएकाले अहिलेको मन्त्रिपरिषद्मा सैद्धान्तिक छलफलका लागि गृह मन्त्रालयले प्रस्ताव ल्याएको हो,' उनले नेपाल पत्रकार महासंघ पाल्पा शाखाले शनिवार तानसेनमा राखेको पत्रकार भेटघाटमा भने । 'प्रस्तावअनुसार मन्त्रिपरिषद्मा सामान्य छलफल भएर त्यसलाई अगाडि बढाउनेभन्दा पनि सैद्धान्तिक स्वीकृति दिएर गृह मन्त्रालयले काम गर्ने भन्ने निर्णय भएको छ । तर, त्यसपछि कुनै काम अघि बढाइएको छैन ।'

**सम्पत्ति शुद्धीकरणको ...**

सन् २०२३ मा पारस्परिक समीक्षा प्रतिवेदन आएपछि उक्त प्रतिवेदनले दिएका सुझाव कार्यान्वयन गर्न केही काम गरेको थियो । जस्तै पारस्परिक कानूनी सहायतासम्बन्धी अनुरोधहरूलाई एकै ठाउँमा ल्याउने र वित्तीय जानकारी एकाइलाई बलियो बनाउने काम भएको थियो ।

एफएटीएफको सुझावअनुसार नेपालले अन्य कामहरू गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । सम्पत्ति शुद्धीकरण र आतंकवादमा लगानीसम्बन्धी बुझाइमा सुधार गर्ने, वाणिज्य बैंक र उच्च जोखिमका सहकारीहरूको जोखिममा आधारित सुपरिवेक्षण गर्ने, अवैध हुन्डी प्रणाली नियन्त्रण गर्ने, सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान प्रभावकारी बनाउन सम्बद्ध निकायको क्षमता अभिवृद्धि गर्ने, अनुसन्धान र मुद्दाको संख्या बढाउने, जोखिमका आधारमा अपराधमा प्रयोग हुने सम्पत्ति जफत गर्ने र आतंकवादमा हुने लगानी र विनाशकारी हतियारको विस्तार रोक्न लक्षित वित्तीय कारबाहीसम्बन्धी कानून बनाउने प्रतिबद्धता नेपालले व्यक्त गरेको छ ।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले हालै प्रतिनिधिसभामा बताएअनुसार नेपालले यी कुरामा सुधार गर्न २ वर्षको समय पाएको छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित मिति: २०८१/१२/०३**

उपरोक्त सम्बन्धमा मधेश प्रदेश, बारा जिल्ला, जीतपुर सिमरा उप-महानगरपालिका, वडा नं. ४ **(SEZ)** मा श्री केम्याक्स हिमालय प्रा.लि. द्वारा विभिन्न प्रकारका कस्मेटिक समानहरु उत्पादन गर्ने उद्देश्यले श्री केम्याक्स हिमालय उद्योग निर्माण तथा संचालन गर्न लागिएको हुँदा यससँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि उद्योग प्रस्ताव गरिएको क्षेत्रमा मिति २०८१/१२/०५ गते मंगलबारका दिन बिहान ९:३० बजे सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्याक्रम हुन गइरहेको हुदाँ उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछु ।

**आयोजक**
**श्री केम्याक्स हिमालय प्रा.लि.**
जीतपुर सिमरा उप(महानगरपालिका, वडा नं. ४, बारा, मधेश प्रदेश

**मधेश प्रदेश**
**उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**जलेश्वर, महोत्तरी**

**सूचना ! सूचना !! सूचना !!!**

यस कार्यालयको मिति २०८१/११/२७ गते आर्थिक अभियान रास्ट्रिय दैनिकमा प्रकाशित Automatic Water Vending Machine जडान कार्यको लागि बजार दररेट उपलब्ध गराउने सम्बन्धि सुचना हाललाई स्थगन गरिएको व्यहोरा सबैलाई जानकारीकोलागी अनुरोध छ ।

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | राधी विद्युत् कम्पनी लिमिटेड | विशेष | वेलकम पार्टी प्यालेस, चापागाउँ, ललितपुर | चैत ३ | ८:०० | | | सञ्चालकको नियुक्ति | फागुन २५ |
| २ | नेपाल बैंक लिमिटेड | २०८०/८१ | नेपाल ए.पी.एफ. क्लब, हलचोक, काठमाडौं | चैत ६ | १०:३० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २२ |
| ३ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | अनमोल क्याटरिङ् सर्भिस प्रा.लि., शंखमुल, काठमाडौं | चैत ७ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २५ |
| ४ | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | गोर्खा होटल, धरान, सुनसरी | चैत ८ | ९:०० | | | शेयर स्वामित्व संरचना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| ५ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाडौं | चैत ८ | ११:०० | १.२४८९ | ८ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २६ |
| ६ | सिन्धु विकास बैंक लिमिटेड | २०७९/८०, २०८०/८१ | मिरावल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक | चैत ८ | ९:०० | | | ५० प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | फागुन १५ |
| ७ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | रोयल कुश्मा रिसोर्ट, कुश्मा, पर्वत | चैत १० | ११:३० | १४.२५ | ०.७५ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| ८ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल भ्यू भक्तपुर, जगाती, भक्तपुर | चैत १० | १०:३० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २५ |
| ९ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लि. | २०८०/८१ | आभ्या क्लब, घारीपाटन, पोखरा | चैत ११ | ११:०० | ४ | ०.२११ | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २३ |
| १० | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | होटेल एयरपोर्ट, मोरङ, विराटनगर | चैत ११ | ११:०० | | | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २६ |
| ११ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | सिद्धार्थ होटल, बिर्तामोड, झापा | चैत ११ | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २९ |
| १२ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | २०८०/८१ | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | चैत १५ | ११:०० | | १० | वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १ - चैत १५ |
| १३ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, नक्साल, काठमाडौं | चैत १५ | ११:०० | २६.९८४१२६९८ | १.४२०२२ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| १४ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | चैत १९ | ११:०० | १५ | ०.७९ | वार्षिक प्रतिवेदन पारित गर्ने | चैत ७ |
| १५ | चिरख्वा हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौं | चैत २० | ९:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १२ |
| १६ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अमृतभोग, कालिकास्थान, काठमाडौं | चैत २१ | ११:०० | ७.५ | ०.३९४७ | १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | चैत ८ |
| १७ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं | चैत २७ | ११:०० | | | ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | चैत ८ |

## जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २८)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २५२० | ३३०० | ९९० |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | ११९९.५ | १४७५ | ४५५ |
| ३ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०७५ | १२७५ | ४४९ |
| ४ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | १०४८ | १३६१.७ | ५७९.१ |
| ५ | सुपर मादी हाइड्रोपावर लिमिटेड | १०१८ | १६५७ | ४२१.५ |
| ६ | सुपरमाई हाइड्रोपावर लिमिटेड | १००९ | १२८३ | ६४० |
| ७ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ९७० | ११८० | ५९२ |
| ८ | माण्डु हाइड्रोपावर लिमिटेड | ९१७.१ | १४९३.१ | ६६६.१ |
| ९ | शुभम पावर लिमिटेड | ९१६ | ११०९.६ | ६२३.५ |
| १० | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ८८४ | १००२.६ | ४०८ |
| ११ | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८७७ | ९९० | ४५२.२ |
| १२ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८६५ | १२३१ | ४७५.४ |
| १३ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ८२७ | ९९३.४ | ३३८.२ |
| १४ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ८१० | १०८० | ३३७.२ |
| १५ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ८०१ | ९९७ | ४२३.९ |
| १६ | सयपत्री हाइड्रोपावर लिमिटेड | ७९० | ९२२ | ४४३ |
| १७ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ७७७.५ | ९२६.८ | ४८४.९ |
| १८ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ७७१ | ११०१ | ३८१.१ |
| १९ | रिभर फल्स पावर लिमिटेड | ७७० | १४८४ | ३२२.९ |
| २० | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७६९ | ९६१ | ४५० |
| २१ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ७६८ | ९१० | ४८०.५ |
| २२ | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ७६३.९ | ८६० | ३४२ |
| २३ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ७२६ | ८९०.४ | ३९५ |
| २४ | एशियन हाइड्रोपावर लिमिटेड | ७२३ | ९०४ | ४१०.१ |
| २५ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ७२० | ८१६ | ४४५.१ |
| २६ | ईङवा हाइड्रोपावर लिमिटेड | ७१४ | ८३८ | ३४५ |
| २७ | दोल्ती पावर कम्पनी लिमिटेड | ७१२ | १०१७ | ३६६ |
| २८ | माईखोला हाइड्रोपावर लिमिटेड | ७०१ | ७६५ | ३५६.४ |
| २९ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ६८८.५ | ७४५.६ | २७५.१ |
| ३० | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड | ६६० | ७९० | ३२५ |
| ३१ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ६४७ | ८०० | ३४३.६ |
| ३२ | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ६३९.७ | ७५२ | ३४४ |
| ३३ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ६२७ | ८२९.७ | ४४३ |
| ३४ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ६०९.९ | ६९६ | २८३.५ |
| ३५ | हिमालयन पावर पार्टनर लिमिटेड | ६०० | ६६५ | २४४ |
| ३६ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ६०० | ८०९.५ | ४९८.१ |
| ३७ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ५९५ | ७१४ | ३१९ |
| ३८ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ५८६ | ७०८ | २८६ |
| ३९ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५८३ | ६२७ | २८० |
| ४० | न्यादी हाइड्रोपावर लिमिटेड | ५८० | ८८० | २७६ |
| ४१ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५७९ | ६७१.६ | ४१० |
| ४२ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ५७२ | ७२२ | ४६४ |
| ४३ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ५६२ | ६५५ | ३५५ |
| ४४ | कालिका पावर कम्पनी लिमिटेड | ५५० | ६५२.४ | ३८०.२ |
| ४५ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५४८ | ७३५ | ४०२ |
| ४६ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५४८ | ६३७ | ३४८ |
| ४७ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५३८ | ६३५ | ३१८ |
| ४८ | पिपुल्स पावर लिमिटेड | ५३६.४ | ६८३.४ | ३२७.१ |
| ४९ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५३६.३ | ७४२ | ४२२ |
| ५० | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५३५.१ | ६९७ | ४३१ |
| ५१ | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५३४ | ६९३ | ३०६.१ |
| ५२ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ५२७ | ५५० | २११ |
| ५३ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ५१९.५ | ५९९.७ | २८३.२ |
| ५४ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ५१५.२ | ६४९.५ | ३००.५ |
| ५५ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ५१० | ६९७ | ४२६.३ |
| ५६ | साहस उर्जा लिमिटेड | ५१० | ७२५ | ४०९.५ |
| ५७ | ग्रीन भेन्चर्स लिमिटेड | ४९३ | ६९९.९ | ४०२.४ |
| ५८ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ४७७.८ | ६८० | ३१६ |
| ५९ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ४३४ | ४४९ | २२३.१ |
| ६० | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ४१९.९ | ४२७ | १८५.३ |
| ६१ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ४०४ | ५२७ | २६०.३ |
| ६२ | बुटवल पावर कम्पनी लिमिटेड | ४०३ | ५३६.५ | २८४.४ |
| ६३ | राधी विद्युत् कम्पनी लिमिटेड | ३९७.७ | ४७७ | २२३.२ |
| ६४ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ३९३ | ५२१.६ | २६५ |
| ६५ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३८८ | ६९६ | ३५६.४ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३६७ | ४७५ | २०९ |
| ६७ | मोदी ईनर्जी लिमिटेड | ३४५ | ३९३ | २११.३ |
| ६८ | वलेफी हाइड्रोपावर लिमिटेड | ३४३.५ | ५२० | ३१२.७ |
| ६९ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३४१.५ | ४४२ | २५६ |
| ७० | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३३९.५ | ३८९ | २२०.२ |
| ७१ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३३४.९ | ४३३ | २७९.३ |
| ७२ | युनियन हाइड्रोपावर लिमिटेड | ३३० | ३७१ | २१२.६ |
| ७३ | पाँचथर पावर कम्पनी लिमिटेड | ३१७.६ | ३६७.२ | २२० |
| ७४ | घलेम्दी हाइड्रो लिमिटेड | ३१० | ३१८ | १४१ |
| ७५ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | ३०८ | ३४८.८ | २१४.२ |
| ७६ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | ३०८ | ३४५ | १८३ |
| ७७ | अपि पावर कम्पनी लिमिटेड | २८३ | ३९० | १६२ |
| ७८ | डादी ग्रुप पावर लिमिटेड | २७९ | ५७१ | २५० |
| ७९ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २७८.८ | ३७९ | २१५.७ |
| ८० | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २६३.५ | ३३४.४ | १४३.१ |
| ८१ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २६२ | ३४९ | १४९ |
| ८२ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २५२ | ३३६ | १९६ |
| ८३ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २४९.६ | ३३३.९ | १८३.६ |
| ८४ | शिव श्री हाइड्रोपावर लिमिटेड | २४० | २८१.१ | १५४ |
| ८५ | अरुण काबेली पावर लिमिटेड | २३६.४ | ३२६ | १५७.२ |
| ८६ | रिडी पावर कम्पनी लिमिटेड | २३१ | ३११ | १५४.५ |
| ८७ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २१९ | ३४४ | १७५.१ |
| ८८ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २१६ | २९० | १३६ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २१० | २७४.९ | १५०.९ |
| ९० | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २०६.७ | २९५ | १५२.१ |
| ९१ | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | २०४.९ | २७३ | १२३.३ |

## नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र

| क्र.सं. | ऋणपत्रको नाम | ब्याज (प्रतिशत) | अवधि (वर्ष) | निष्कासन हुने कित्ता | सर्वसाधारणमा निष्कासन (कित्ता) | प्राइभेट प्लेसमेन्ट (कित्ता) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८% प्राइम डिबेन्चर २०९१ | ८.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २ |
| २ | ६% निफ्रा उर्जा डिबेन्चर २०८८/८९ | ६.०० | ७ | ५,०००,००० | २,०००,००० | ३,०००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ कात्तिक १४ |
| ३ | ७.२५% एसबिएल डिबेन्चर २०९१ | ७.२५ | १० | २,५००,००० | १,०००,००० | १,५००,००० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ फागुन ११ |
| ४ | ८% शाइन रेसुङ्गा डिबेन्चर | ८.०० | १० | १,०००,००० | ४००,००० | ६००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १४ |
| ५ | ८.५% सिटिजन्स बैंक डिबेन्चर २०९० | ८.५० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | हिमालयन क्यापिटल लिमिटेड | २०८० माघ १२ |
| ६ | ७% नेपाल एसबिआई बैंक डिबेन्चर २०९० | ७.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ ०२ |
| ७ | ८% आरबिबिएल डिबेन्चर २०८७ | ८.०० | ७ | २,५००,००० | १,०००,००० | १,५००,००० | सानिमा क्यापिटल लिमिटेड | २०७९ भदौ १४ |
| ८ | ७% नबिल डिबेन्चर २०८९ | ७.०० | ८ | ३,०००,००० | १,२००,००० | १,८००,००० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८१ असार १४ |
| ९ | ७% एनआईसी एशिया डिबेन्चर २०९१ | ७.०० | १० | ५,०००,००० | २,०००,००० | ३,०००,००० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असोज ७ |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्ग्स लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड | ७०६,९०९ | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ पुस ४ |
| २ | जगदम्बा स्टिल्स लिमिटेड | २०,०७०,००० | ३०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० असोज १७ |
| ३ | एसवाई प्यानल नेपाल लिमिटेड | ५,२३२,५४८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज १९ |
| ४ | शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १५,९८१,५०० | २६४.५१ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस १२ |
| ५ | मारूती सिमेन्ट्स लिमिटेड | ११,६००,००० | ३७७ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २६ |
| ६ | स्मार्ट डोर्स लिमिटेड | ३०६,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ वैशाख ३ |
| ७ | पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | ७,५००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ वैशाख २३ |
| ८ | लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २१ |
| ९ | श्री डिष्टिलरी लिमिटेड | ९६०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असार १ |
| १० | सोपन फर्मास्यूटिकल्स लिमिटेड | १,१००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ असार ३० |
| ११ | भुगर्भ सिमेन्ट लिमिटेड | १,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ भदौ १३ |
| १२ | रिद्धिसिद्धि सिमेन्ट लिमिटेड | १२,१७१,५०० | २१४.१० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १८ |
| १३ | सागर डिष्टिलरी लिमिटेड | ७९२,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| १४ | अम्बे स्टिल्स लिमिटेड | ११,१९२,७२७ | ३०३ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ७ |
| १५ | एभरेष्ट कलर लिमिटेड | ७८०,००० | ५० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २८ |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | सानिमा हाइड्रोपावर लिमिटेड | १,४७०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २६ |
| २ | हिमस्टार उर्जा कम्पनी लिमिटेड | १,११९,००० | १०० | एन आई सी एशिया क्यापिटल लि. | २०८० जेठ ३१ |
| ३ | दरम खोला हाइड्रो इनर्जी लिमिटेड | ३,९५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० भदौ ५ |
| ४ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| ५ | सान्भि इनर्जी लिमिटेड | ३,७९०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८० भदौ २७ |
| ६ | रिचेत जलविद्युत् कम्पनी लिमिटेड | १,१७६,४५० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८० भदौ २९ |
| ७ | बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड | २,०८०,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० असोज ५ |
| ८ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ९ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| १० | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| ११ | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| १२ | विकास हाइड्रोपावर कम्पनी लिमिटेड | ४,४५४,५९६ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर १९ |
| १३ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| १४ | लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड | ६,५७७,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २ |
| १५ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| १६ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| १७ | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लि. | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| १८ | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १९ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २० | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २१ | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| २२ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| २३ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| २४ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| २५ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| २६ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| २७ | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लि. | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २८ | यूनिक हाईडेल कम्पनी लिमिटेड | २,२००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ जेठ १६ |
| २९ | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ३० | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३१ | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३२ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| ३३ | पुवा खोला-वान हाइड्रोपावर लिमिटेड | १,९४६,६६० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ असार ५ |
| ३४ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| ३५ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लि. | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| ३६ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| ३७ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| ३८ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| ३९ | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ४० | ह्यावियाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |
| ४१ | नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड | ३,००६,२०२ | २१८ | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ पुस ७ |
| ४२ | युनाइटेड मेवा खोला हाइड्रोपावर लि. | १२,३००,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस ११ |

# फागुनको अन्तिम साता करीब ३ प्रतिशतले घट्यो नेप्से

अभियान संवाददाता

काठमाडौं

फागुनको अन्तिम साताको कारोबारमा नेप्से परिसूचक २ दशमलव ९१ प्रतिशत घटेको छ । बजार सञ्चालकका अनुसार अघिल्लो साताको अन्तिम कारोबार दिन २ हजार ८१८ दशमलव ४३ विन्दुमा रहेको नेप्से परिसूचक गत साताको अन्तिम कारोबार दिन २ हजार ७३६ दशमलव ४८ विन्दुमा झरेको हो ।

अंकका हिसाबमा हेर्दा अघिल्लो साताभन्दा गत साता नेप्से परिसूचक ८१ दशमलव ९५ अंक तल झरेको हो । गत साता एक दिन सार्वजनिक विदा परेकाले चार कारोबार दिन मात्र बजार सञ्चालन भएको थियो । पहिलो कारोबार दिन ४६ दशमलव ३३ अंक, दोस्रो दिन २० दशमलव ६८ अंक र तेस्रो दिन ३२ दशमलव २१ अंक बजार घटेको थियो । साताको अन्तिम कारोबार दिन भने बजार १७ दशमलव २८ अंकले बढेर बन्द भएको थियो । त्यसअघिका सात कारोबार दिन निरन्तर घटेको बजार अन्तिम कारोबार दिन भने बढेर बन्द भएको हो ।

पछिल्ला कारोबारलाई हेर्दा निरन्तर बजार बढ्ने र निरन्तर घट्ने क्रम देखिएको छ । जुन अल्पकालीन लगानीकर्ता बजारमा हावी भएको अनुमान जानकारहरूको छ ।

गत साता कारोबार रकम करीब ४४ प्रतिशत र कारोबार कित्ता करीब ४१ प्रतिशत घट्दा औसत कारोबार रकम करीब ३० प्रतिशत र औसत कारोबार कित्ता २६ प्रतिशतभन्दा बढी घटेको छ ।

अघिल्लो साता पाँच कारोबार दिनमा ६२ अर्ब ५५ करोड रुपैयाँभन्दा बढीको १२ करोड ९१ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता चार कारोबार दिनमा ३५ अर्ब ९ करोड रुपैयाँभन्दा बढीको ७ करोड ६३ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

त्यस्तै, अघिल्लो साता औसतमा १२ अर्ब ५१ करोड रुपैयाँभन्दा बढीको २ करोड ५८ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता ८ अर्ब ७७ करोड रुपैयाँभन्दा बढीको १ करोड ९० लाखभन्दा बढी कित्ता धितोपत्र औसतमा कारोबार भएको हो ।

कुल बजार पूँजीकरण १ खर्ब ३६ अर्ब ७ करोड ३३ लाख रुपैयाँले घटेको छ । अघिल्लो साताको अन्तिम कारोबार दिन ४६ खर्ब ७९ अर्ब ८८ करोड ५२ लाख रुपैयाँ रहेको कुल बजार पूँजीकरण गत साताको अन्तिम कारोबार दिन ४५ खर्ब ४३ अर्ब ८१ करोड १८ लाख रुपैयाँ कायम भएको हो ।

**सर्वाधिक गुमाउनेमा उत्पादन तथा प्रशोधन समूह**

गत साताको कारोबारमा अघिल्लो साताको तुलनामा सबै समूहगत परिसूचकहरू घटेका छन् । गत साता उत्पादन तथा प्रशोधन समूहको परिसूचक सर्वाधिक ४ दशमलव ३४ प्रतिशत घटेको हो ।

**सातागत परिसूचकको तुलना**

| विवरण | गत साता | अघिल्लो साता | फरक | फरक प्रतिशत |
|---|---|---|---|---|
| नेप्से परिसूचक (अंक) | २,७३६.४८ | २,८१८.४३ | -८१.९५ | -२.९१ |
| सेन्सेटिभ इन्डेक्स (अंक) | ४५९.०३ | ४७०.६० | -११.५७ | -२.४६ |
| कारोबार रकम (रू. हजारमा) | ३५,०९८,१२६.९९ | ६२,५५५,९५२.४३ | -२७,४५७,८२५.४३ | -४३.८९ |
| कारोबार कित्ता | ७६,३२२,२४६.०० | १२९,१८२,५३९.०० | -५२,८६०,२९३.०० | -४०.९२ |
| औसत कारोबार रकम (रू. हजारमा) | ८,७७४,५३१.७५ | १२,५११,१९०.४९ | -३,७३६,६५८.७४ | -२९.८७ |
| औसत कारोबार कित्ता | १९,०८०,५६१.५० | २५,८३६,५०७.८० | -६,७५५,९४६.३० | -२६.१५ |
| कुल बजार पूँजीकरण (रू. दश लाखमा) | ४,५४३,८११.८८ | ४,६७९,८८५.२४ | -१३६,०७३.३६ | -२.९१ |

**साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन**

| विवरण | गत साता | अघिल्लो साता | फरक प्रतिशत |
|---|---|---|---|
| विकास बैंक | ५,८५९.८२ | ५,९११.६१ | -०.८८ |
| बैंकिङ्ग | १,३८९.९७ | १,४१७.९० | -१.९७ |
| होटल तथा पर्यटन | ६,६११.५८ | ६,७६८.०६ | -२.३१ |
| निर्जीवन बीमा | १२,७७१.६९ | १३,१०१.४६ | -२.५२ |
| अन्य | २,४४६.१५ | २,५१५.१९ | -२.७४ |
| जीवन बीमा | १३,८३८.२७ | १४,२३८.४२ | -२.८१ |
| लघुवित्त | ५,०२८.९१ | ५,२०३.४६ | -३.३५ |
| जलविद्युत् | ३,६५७.५८ | ३,७८८.६३ | -३.४६ |
| व्यापार | ४,१०३.४० | ४,२७४.४७ | -४.०० |
| वित्त | २,६६९.०० | २,७८२.५९ | -४.०८ |
| म्युचुअल फण्ड | १९.२० | २०.०२ | -४.१० |
| लगानी | १०९.४० | ११४.१० | -४.१२ |
| उत्पादन तथा प्रशोधन | ७,२८६.६३ | ७,६१६.९३ | -४.३४ |

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से) ।

# माघ मसान्तसम्म १२ विकास बैंक नाफामा

काठमाडौं (अस) । चालू आर्थिक वर्षको सात महीना अर्थात् माघ मसान्तसम्ममा १७ मध्ये १२ विकास बैंक नाफामा रहेका छन् भने ५ घाटामा रहेका छन् ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मासिक तथ्यांकअनुसार कर्णाली, एक्सेल, सप्तकोशी, नारायणी र सालपा विकास बैंक घाटामा रहेका हुन् । तीमध्ये सबैभन्दा बढी घाटामा कर्णाली डेभलपमेन्ट बैंक रहेको छ । बैंक माघ मसान्तसम्ममा रू. ७२ करोड १३ लाख घाटामा रहेको छ । गत आर्थिक वर्षको यस अवधिमा भने बैंक रू. ४ करोड ६४ लाख नाफामा थियो । नेपाल राष्ट्र बैंकले यस बैंकलाई समस्याग्रस्त संस्था घोषणा गरी व्यवस्थापन आफ्नै नियन्त्रणमा लिएको हो ।

नाफामा रहेका विकास बैंकमध्ये सबैभन्दा बढी नाफा कमाउनेमा गरिमा विकास बैंक छ । बैंकले माघ मसान्तसम्ममा रू. ६८ करोड ३२ लाख नाफा कमाएको छ । यो रकम गत माघ मसान्तको तुलनामा २२ दशमलव ४३ प्रतिशत बढी हो ।

माघ मसान्तसम्म सर्वाधिक नाफा (रकमका आधारमा) कमाउने सूचीको दोस्रोमा मुक्तिनाथ विकास बैंक छ । बैंकले रू. ६२ करोड ९५ लाख नाफा कमाएको छ ।

| विकास बैंकको नाम | माघ मसान्तसम्मको खुद नाफा (रू. दश लाखमा) | |
|---|---|---|
| | चालू आव | गत आव |
| गरिमा | ६८३.२४ | ५५८.०८ |
| मुक्तिनाथ | ६२९.५० | ५३२.३५ |
| शाइन रेसुङ्गा | ४४६.६२ | ४३७.१५ |
| कामना सेवा | ४१४.६८ | ३१२.३५ |
| महालक्ष्मी | ३३५.३५ | ३३४.०९ |
| ज्योति | ३०५.१५ | १७७.६६ |
| सांग्रिला | २६२.१५ | १५४.९३ |
| लुम्बिनी | २३०.७४ | २११.३१ |
| मितेरी | ७०.३८ | ४४.९७ |
| सिन्धु | ४८.५० | १६.८१ |
| ग्रीन | १३.९९ | १६.०४ |
| कर्पोरेट | २.०५ | १०.७३ |
| सालपा | (२.६४) | (२.७९) |
| नारायणी | (८.५८) | (३.३०) |
| सप्तकोशी | (२०.९०) | (१२१.६७) |
| एक्सेल | (१८९.०२) | (१८६.७५) |
| कर्णाली | (७२१.३०) | ४६.४९ |

स्रोत : नेपाल राष्ट्र बैंक

# स्वरोजगार लघुवित्तको एफपीओ बाँडफाँट

काठमाडौं (अस) । स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले फागुन १८ गतेदेखि फागुन २१ गतेसम्म निष्कासन गरेको थप सार्वजनिक निष्कासन (एफपीओ) शुक्रवार बाँडफाँट गरेको छ । विक्री प्रबन्धक एनएमबि क्यापिटलले शुक्रवार एफपीओ बाँडफाँट कार्यक्रम सम्पन्न गरेको हो ।

मागभन्दा बढी आवेदन परेकाले गोलाप्रथाको माध्यमबाट १९ हजार ५७७ जना योग्य आवेदकहरूलाई कम्पनीको एफपीओ बाँडफाँट गरिएको जानकारी विक्री प्रबन्धकले दिएको छ । कम्पनीले प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यका १ करोड ९५ लाख ७७ हजार ३०० रुपैयाँ बराबरको १ लाख ९५ हजार ७७३ कित्ता एफपीओ जारी गरेको थियो ।

रीतपूर्वक आवेदन दिएका आवेदकहरूमध्ये १९ हजार ५७७ जना आवेदकमा १० कित्ताका दरले एफपीओ बाँडफाँट गरी बाँकी रहेको ३ कित्ता एफपीओ भने यी आवेदकहरूमध्ये तीन जनाले थप एक कित्ताका दरले प्राप्त गरेका छन् । यसरी हेर्दा स्वरोजगार लघुवित्तको एफपीओ बढीमा ११ कित्तासम्म बाँडफाँट भएको हो ।

विक्री प्रबन्धकका अनुसार कम्पनीको एफपीओ खरीदका लागि १७ लाख ८० हजार ४५७ जना आवेदकहरूबाट २ करोड १७ लाख १५ हजार ७५० कित्ता शेयर खरीद माग भएको थियो ।

दोस्रो बजारमा कम्पनीको शेयरको मूल्य प्रतिकित्ता ९८१ रुपैयाँ कायम रहेको छ ।

# फागुन महीनामा 'अन्य' समूहको सूचक सर्वाधिक बढ्यो

काठमाडौं (अस) । एक महीनामा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा कारोबारमा आउने १३ समूहगत सूचकमध्ये सात समूहको सूचक घटेको छ भने ६ समूहको सूचक बढेको छ । बढेका समूहगत सूचकमध्ये 'अन्य' समूहको सूचक सबैभन्दा बढी वृद्धि भएको छ । यस समूहको सूचक एक महीना अवधिमा १७ दशमलव शून्य ३ प्रतिशत वृद्धि भएको छ । माघ मसान्तमा 'अन्य' समूहको सूचक २ हजार ९० दशमलव १४ रहेकोमा फागुन मसान्तमा बढेर २ हजार ४४६ दशमलव १५ विन्दुमा पुगेको छ । 'अन्य' समूहमा पर्ने नेपाल पुनर्बीमा कम्पनी र हिमालयन रिइन्स्योरेन्स लिमिटेडको शेयर मूल्य उच्च दरले बढेसँगै समूहगत सूचक बढेको हो ।

हिमालयन रिइन्स्योरेन्स लिमिटेडले हाल कायम चुक्तापूँजीको ८० प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने तयारी गरेको छ भने नेपाल पुनर्बीमाले पनि पूँजी पुऱ्याउन हकप्रद शेयर र बोनस शेयरलाई जोड दिन सक्ने विश्वासले पनि कम्पनीको शेयरमा लगानीकर्ताको आकर्षण परेको जानकार बताउँछन् ।

नेपाल बीमा प्राधिकरणले पुनर्बीमा कम्पनीको चुक्तापूँजी रू. २० अर्ब पुऱ्याउन निर्देशन दिएको छ ।

माघमा सर्वाधिक वृद्धि हुने समूहगत सूचकको दोस्रोमा जीवन बीमा समूह छ । यस समूहको सूचक ६ दशमलव १३ प्रतिशत वृद्धि भएको छ । यस समूहको सूचक माघ मसान्तमा १३ हजार ३८ दशमलव ६५ रहेकोमा फागुन मसान्तमा बढेर १३ हजार ८३८ दशमलव २७ विन्दुमा पुगेको हो ।

फागुनमा म्युचुअल फण्डको सूचक सबैभन्दा बढी ४ दशमलव ९५ प्रतिशत घटेको छ । यस समूहको सूचक माघ मसान्तमा २० दशमलव २० रहेकोमा फागुन मसान्तमा १९ दशमलव २० कायम भएको छ । त्यस्तै, जलविद्युत् समूहको सूचक पछिल्लो एक महीनामा ४ दशमलव ५७ प्रतिशत घटेको छ ।

| समूहको नाम | समूहगत परिसूचक | | घटबढ प्रतिशत |
|---|---|---|---|
| | फागुन मसान्त | माघ मसान्त | |
| अन्य | २,४४६.१५ | २,०९०.१४ | १७.०३ |
| जीवन बीमा | १३,८३८.२७ | १,३०३८.६५ | ६.१३ |
| उत्पादन तथा प्रशोधन | ७,२८६.६३ | ७,००४.६५ | ४.०३ |
| बैंकिङ्ग | १,३८९.९७ | १,३४८.३२ | ३.०९ |
| लगानी | १०९.४ | १०६.७४ | २.४९ |
| विकास बैंक | ५,८५९.८२ | ५,८४७.२ | ०.२२ |
| होटल तथा पर्यटन | ६,६११.५८ | ६,६५३.५२ | -०.६३ |
| निर्जीवन बीमा | १२,७७१.६९ | १२,९७७.७२ | -१.५९ |
| लघुवित्त | ५,०२८.९१ | ५,१२८.२१ | -१.९४ |
| वित्त | २,६६९ | २,७४४.३८ | -२.७५ |
| व्यापार | ४,१०३.४ | ४,२८७.९८ | -४.३० |
| जलविद्युत् | ३,६५७.५८ | ३,८३२.९१ | -४.५७ |
| म्युचुअल फण्ड | १९.२ | २०.२ | -४.९५ |

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | पियोर इनर्जी लिमिटेड |
|---|---|
| दिन | २०८१ चैत २ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १ लाख ४४ हजार |
| आवेदक संख्या | ५३ हजार १४९ |
| आवेदन परेको कित्ता | १२ लाख २ हजार ९२० |
| आवेदन परेको रकम | १२ करोड २ लाख ९२ हजार |
| निष्कासनको तुलनामा माग | ८.३५ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ चैत ५ गते |
| विक्री प्रबन्धक | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड |

**आईपीओ अपडेट (सर्वसाधारण)**

| कम्पनी | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड |
|---|---|
| दिन | २०८१ चैत २ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १४ लाख ७६ हजार |
| आवेदक संख्या | १६ लाख १८ हजार ९७८ |
| आवेदन परेको कित्ता | १ करोड ९६ लाख ४३० |
| आवेदन परेको रकम | १ अर्ब ९६ करोड ४३ हजार |
| निष्कासनको तुलनामा माग | १३.२८ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ चैत ३ गते |
| विक्री प्रबन्धक | प्रभु क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

**'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २८)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १६५० | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १३०७.८ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | १०३२.१ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लि. | ९८९ | १२६४ | ६७८ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ९१५ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ५१७ | ६४५ | ३३८.१ |

**वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २८)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६५७.१ | ७९० | ५०८ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ६१९ | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ४९१ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४१७ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३८४ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | ३०७ | ३८२ | २२८ |
| ७ | कृषि विकास बैंक लिमिटेड | २९३ | ४२८.४ | २२०.५ |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | २९१.९ | ३८० | २१४ |
| ९ | प्राइम कमर्सियल बैंक लिमिटेड | २५९ | ३२९ | १८६ |
| १० | एनएमबि बैंक लिमिटेड | २५६ | ३०० | १६२ |
| ११ | नेपाल बैंक लिमिटेड | २५४ | ३३७.५ | १९५.१ |
| १२ | हिमालयन बैंक लिमिटेड | २४१ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २३० | २९५ | १५७.८ |
| १४ | लक्ष्मी सन्‌राइज बैंक लिमिटेड | २२८ | ३०० | १४३.६ |
| १५ | ग्लोबल आइएमई बैंक लिमिटेड | २२५.६ | ३०२ | १७० |
| १६ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २२० | २९५ | १४७.४ |
| १७ | प्रभु बैंक लिमिटेड | २१९.५ | २९७ | १३२ |
| १८ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २१२.३ | २९६ | १५२.५ |
| १९ | कुमारी बैंक लिमिटेड | २१० | २७२.९ | १२९.६ |

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २८)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | ११६६ | १३८१ | ७५२.१ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १०९५ | १५३८ | ६९५.१ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ९२६ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ८९७ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ८९२.६ | ११६८.५ | ५६२ |
| ६ | सोल्टी होटल लिमिटेड | ४८९.५ | ६३६.५ | ४१६.५ |

**फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २८)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | ७३४.९ | २६१४.९ | ३६४.२ |
| २ | गुडविल फाइनान्स लिमिटेड | ७१०.१ | १३५३ | ४३८ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६६६.९ | ९३६.९ | ३५६.१ |
| ४ | आइसिएफसि फाइनान्स लिमिटेड | ६३८.९ | ९१० | ४८८ |
| ५ | मञ्जुश्री फाइनान्स लिमिटेड | ६२७ | ९१७ | ४८०.२ |
| ६ | गोर्खाज फाइनान्स लिमिटेड | ६०८ | १०४१ | ५४८ |
| ७ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ६०० | ९५१.६ | ३३० |
| ८ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५९८ | ८२० | ३३८ |
| ९ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५६५ | ८६५ | ३०९ |
| १० | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५५४.८ | १११७.९ | ३०५.१ |
| ११ | रिलायन्स फाइनान्स लिमिटेड | ५५२ | ८३८ | ३४९.४ |
| १२ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि. | ५४३ | ७९५ | ३५२.८ |
| १३ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ५४१ | १०८३.३ | ३७८ |
| १४ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | ५१६.२ | ७५९ | ३४८ |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४५३.१ | ७९५ | ३३९.९ |

**उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २८)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४५०११ | ५६८०५.८ | ३८४०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | २०३३८.४ | २२५०० | १४९०० |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १३२०० | १८१०० | १२२०८.१ |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १२१४.९ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ८१२.३ | १०८३ | ५५६ |
| ६ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ५६७ | ६६८ | ४६० |
| ७ | शिवम् सिमेन्ट्स लिमिटेड | ५४३ | ७७९.९ | ४७०.५ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड | ४८५ | ६२४ | ४२२.१ |

**वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण (Scoping) बारेको सार्वजनिक सूचना**

कोशी प्रदेश, झापा जिल्ला, मेचीनगर नगरपालिकामा झापाको मेची पूल नजिक नेपाल भारत सिमाना देखी चारआली सम्मको करीब १४ कि.मि. लामो प्रस्ताबित पेट्रोलियम पाइपलाइन र आयल भण्डारण टर्मिनल निर्माण कार्यान्वयन गरीन लागेको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल आयल निगम लिमिटेड<br>इन्जिनियरीङ परियोजना तथा सूचना प्रबिधि बिभाग, केन्द्रिय कार्यालय, टेकु, काठमाण्डौ<br>ईमेल: engg@noc.org.np |
| **प्रस्तावको व्यहोरा** | कोशी प्रदेश, झापा जिल्ला, मेचीनगर नगरपालिकामा झापाको मेची पूल नजिक नेपाल भारत सिमाना देखी चारआली सम्म ८ इन्च ब्यास भएको करीब १४ कि.मि. लामो पेट्रोलियम पाइपलाइन, झापामा ग्रिन फिल्ड टर्मिनल अन्तर्गत १८,९०० किलो लिटर क्षमताको पेट्रोलियम पदार्थ भण्डारण लगायत पम्पिङ इकाइ, बुस्टर पम्पीङ, भल्भ, आगलागी सूचक अर्लाम, फायर हाइड्रेन्ट, भवन आदी निर्माण गरीने छ। |
| **प्रभाव पर्न सक्ने न.पा.** | मेचीनगर नगरपालिकामा वडा नं. ६,७,१०,१३,१४ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल आयल निगम लिमिटेड<br>इन्जिनियरीङ परियोजना तथा सूचना प्रविधि विभाग, केन्द्रिय कार्यालय, टेकु, काठमाण्डौ<br>ईमेल: engg@noc.org.np वा,<br>नेपाल आयल निगम लिमिटेड, शाखा कार्यालय, चारआली, झापा जिल्ला, कोशी प्रदेश |
| **परामर्शदाताको नाम र ठेगाना** | रेडनट इन्जिनियरीङ कन्सल्टेन्ट प्रा.लि.<br>बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका ३१<br>ईमेलः redknot.eng@gmail.com, फोन नं. ९८०३१०२४७८ |

**Request for Proposals**

(Date of Publication: March 16, 2025)

Reliance Finance Limited a leading national level finance company invites sealed proposals from interested and eligible bidders for Development, Implementation and Support of Loan Management System (LMS).

**Terms and Conditions:**

- The Request for Proposal (RFP) Form / Bid Document can be purchased within office hours from the office of General Service Department, Head Office, upon payment of non-refundable fee of NPR 5,000.00 (NPR Five Thousand Only) on or before 15 day of the first date of publication of this notice.
- Sealed Proposals must be submitted within office hours on or before 15 day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Proposals must be valid for a period of 90 days from the date of bid opening and must be accompanying minimum 5% of the bid amount in the form of bank guarantee or cash margin which shall be valid for 30 days beyond the validity of the bid.

**Minimum Eligibility Criteria:**

- Minimum of three years of demonstrated experience in successfully developing and deploying Loan Management System (LMS). Bidders must demonstrate the capability to provide dependable local support and ensure strict compliance with Nepal's regulatory and operational standards.

The bids shall be opened at 2:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Finance Company reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

RELIANCE FINANCE LTD
रिलायन्स फाइनान्स लि

**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
आइतवार, ३ चैत २०८१ | Sunday, 16 March 2025
आर्थिक अभियान



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको वसन्तपुर हनुमानढोका दरबार क्षेत्र भ्रमणमा आएका विदेशी पर्यटक । वसन्तकालीन पर्यटकीय सिजन शुरू हुनै लाग्दा बाह्य पर्यटक आगमन बढ्न थालेको छ ।**

# कोरला नाका घुम्ने आन्तरिक पर्यटक बढ्दै

मुस्ताङ । पछिल्लो समय नेपाली स्वदेशी पर्यटकका लागि उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उत्तरी कोरला नाका निकै चर्चामा छ । कोरला नाकामा पुगेर त्यहाँको दजगजा सीमास्तम्भमा फोटो खिच्नेदेखि नेपाली भूमिबाट उत्तरतर्फ अवस्थित चीनको स्वशासित क्षेत्र तिब्बतको पठार भूमिमा निर्माण भइसकेका भव्य संरचना अवलोकन गर्ने नेपाली स्वदेशी पर्यटक बढेका हुन् ।

भारतीय नाकाबन्दीपछि एकाएक चर्चामा आएको कोरला नाका पुगेर फर्किनेको ताँती नै लाग्ने गरेको छ । जसकारण उपल्लो मुस्ताङका पर्यटन व्यवसाय उत्साहित छन् ।

कोरला नाकाले चर्चा पाउनुको अर्को कारण उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक आयोजना पनि हो । तत्कालीन सरकारले उत्तरी नाकाहरूमा पनि व्यापारिक मार्ग खोल्नुपर्ने योजना बनाएपछि आर्थिक वर्ष २०७३/७४ देखि (बेनी-जोमसोम-कोरला) सडक स्तरोन्नति शुरू गरिएको थियो । दुई सय दुई किमी बेनी-जोमसोम-कोरला सडकअन्तर्गत करीब १०५ किलोमिटर कालोपत्र भइसकेको र बाँकी ९९ किलोमिटर सडक ग्राभेल भइसकेकाले नेपाली पर्यटकलाई कोरला नाकासम्म पुग्न सहज भएको छ। जसकारण नेपाली पर्यटक बस, जीप र मोटरसाइकल यात्रा गर्दै कोरला नाकासम्म पुग्ने गरेका हुन् । बेनी-जोमसोम सडक ७४ किमी र जोमसोम-कोरला ११० किमी सडक एक दिनमै कोरला नाकासम्म पुग्न सक्छन् । सडक सहज भइसकेकाले नेपाली युवायुवतीको लर्को लाग्ने गरेको लोमान्थाङ गाउँपालिकाका प्रशासन प्रमुख विकास केसीले जानकारी दिए । कोरला नाका अवलोकन गर्ने पर्यटकका कारण उपल्लो मुस्ताङको पर्यटन व्यवसायमा ठूलो टेवा पुगेको उनको भनाइ छ ।

शुक्रवार कोरला नाकाको अवलोकन गरी फर्किएका पोखरा माधव क्षेत्रीले कोरला नाकालाई नेपाल सरकारले व्यवस्थित तुल्याउन आवश्यक रहेको औंल्याए । 'सडकको अवस्थामा निकै राम्रो सुधार भएको पायौं, यति ठूलो नाकामा पर्यटक तथा स्थानीय नागरिकको सुविधाका लागि भरपर्दो पूर्वाधार भएको पाइएन,' क्षेत्रीले भने, 'चीनतर्फ लोभलाग्दो भव्य संरचना बनिसकेको रहेछ, हाम्रोतिर कहिले बन्ने ?'



**दुई सय दुई किमी बेनी-जोमसोम-कोरला सडकअन्तर्गत करीब १०३ किलोमिटर कालोपत्र भइसकेको र ९९ किलोमिटर सडक ग्राभेल भइसकेकाले नेपाली पर्यटकलाई कोरला नाकासम्म पुग्न सहज भएको छ ।**

स्याङ्जाका अर्का पर्यटक रामजी पौडेलले उत्तरी कोरला नाका पर्यटन र नेपाल-चीनको व्यापारिक मार्ग भएकाले त्यहाँ अथाह सम्भावना रहेको कोरला नाकाबाट चीनको मानसरोवर यही नाकाबाट पुग्न छिटो र सजिलो भएकाले यसतर्फ सरकारले अग्रसरता देखाउन आवश्यकता रहेको औंल्याए ।

राष्ट्रिय गौरवको कारला सडक स्तरोन्नतिसँगै उपल्लो मुस्ताङमा नेपाली स्वदेशी पर्यटकको आगमन बर्सेनि बढिरहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिए । पर्यटक बढेसँगै उपल्लो मुस्ताङमा स्तरीय र सुविधासम्पन्न होटल थपिँदै गएको उनले बताए । मुस्ताङमा बर्सेनि पाँच लाखभन्दा स्वदेशी पर्यटक मुक्तिनाथ दर्शन गर्न आउँछन् । जसमध्ये एक तिहाइ स्वदेशी पर्यटक कोरला नाकासम्म पुगेर फर्किने गरेको प्रहरीको तथ्यांक छ । कोरला नाका गतवर्षको कात्तिक २७ गते उपल्लो मुस्ताङका नागरिकका लागि खुला गरिएको थियो ।

कोरलास्थित तिब्बती बजारमा पुगेर मालसामान किनमेल गर्न चिनियाँ पक्षले कोरला नाका खुला गरेको हो । चीनले दीर्घकालीन रूपमा कोरला नाकालाई व्यापारिक ट्रान्जिट प्वाइन्ट बनाउने उद्देश्यले आफ्नो भूमिमा दर्जनौं प्रशासनिक भौतिक संरचना निर्माण गरिसकेको छ । नाका खुले पनि सरकारले भन्सार र अध्यागमन कार्यालय सञ्चालनमा ल्याउन नसक्दा त्यहाँका स्थानीय नागरिक तथा पर्यटकलाई समस्या भएको छ ।

कोरला नाकामा पुग्ने पर्यटक लागि खाजा, खाना खाने ठाउँका साथै, शौचालय नहुँदा अप्ठ्यारोमा पर्ने गरेका छन् । यस्तै कोरला नाकामा व्यावसायिक सुविधाजनक पूर्वाधार निर्माण नहुँदा त्यहाँ नेपाली व्यवसायीले त्रिपालमै बसेर व्यापार व्यवसाय चलाउँदै आएका छन् । तिब्बतसँग सिमाना जोडिएको कोरला नाका अवलोकनका लागि बर्सेनि स्वदेशी पर्यटक बढे पनि विदेशी पर्यटक सहजै उपल्लो मुस्ताङ जान पाउँदैनन् । अन्नपूर्ण संरक्षित क्षेत्रअन्तर्गत रहेको उपल्लो मुस्ताङ जान विदेशी पर्यटकले पाँच सय डलर शुल्क तिर्नुपर्छ । यसले १० दिनको प्रवेश अनुमति पाइन्छ । *रासस*

ग्वार्को फ्लाइओभर

# जमीन भासिएको ठाउँमा काम पुन: शुरू

**अभियान संवाददाता**

काठमाडौं

ग्वार्को फ्लाइओभर निर्माणका क्रममा जमीन भासिएर पर्खालमा केही खाली स्थान (ग्याप) भएपछि पुन: काम शुरू भएको छ । भासिएको ठाउँमा पुन: काम गर्नुपर्दा समय लम्बिने देखिएको छ। ठेक्का लागेअनुसार नियमित रूपमा काम भइरहेको भए यो फ्लाइओभर २०८० फागुन ११ गतेसम्ममा सम्पन्न हुने थियो । तर, समयमै काम नभएपछि सरकारले एक वर्षको म्याद थपिदिएको थियो । त्यसअनुसार २०८१ पुस ८ गते यो फ्लाइओभर सम्पन्न हुनुपर्ने थियो । तर नसकिएपछि पुस ९ गतेदेखि ठेकेदार कम्पनीले दैनिक ८५ हजार रुपैयाँ जरीवाना तिरेर काम गर्दै आएको सडक विभागअन्तर्गत गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रका निर्देशक दीप बाराहीले जानकारी दिए ।



- **निर्माण व्यवसायीले जरीवाना तिरेर फ्लाइओभर बनाउँदै**
- **वैशाखसम्ममा सम्पन्न गर्ने प्रतिबद्धता**

उनका अनुसार यो फ्लाइओभर निर्माणमा व्यवसायीकै डिजाइन, निर्माण, सञ्चालन मोडालिटी भएकाले निर्माण व्यवसायी नै जिम्मेवारी हुन्छन् । एकपटक म्याद थपेर पनि हालसम्म सम्पन्न नभएको उक्त फ्लाइओभरमा पहिलादेखि नै जमीन भासिएको थियो । बाराहीका अनुसार जमीन भासिँदा ओभरपासको सातदोबाटोतर्फ राखिएको ४० मिटर दूरीमा पर्खालको प्यानलमा खाली ठाउँ देखिएको थियो ।

'अहिले खाली ठाउँ देखिएको खण्डको मात्र प्यानल निकालेर मिलाइएको छ,' उनले भने, 'पहिला जमीन भासिएर पर्खालमा ग्याप थियो, त्यसलाई धेरै समयसम्म निगरानीमा राखिएका थियौं, किनभने वालको प्यानल ननिकाली काम हुन्छ कि भन्ने थियो ।'

तर, सम्भव नभएपछि अहिले जमीनलाई नभासिने बनाई काम शुरू भइसकेको छ । जमीनमुनि पाइलिङ गरेर निर्माण व्यवसायीले काम शुरू गरेका छन् । निर्माण व्यवसायीले वैशाखसम्ममा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको बाराहीको भनाइ छ ।

उक्त फ्लाइओभरको ठेक्का २०७८ फागुन १२ गते लागेको थियो। ठेक्काको रकम १७ करोड ६ लाख ८८ हजार रुपैयाँ थियो । आशिष-समानन्तर-रेलिगेरको संयुक्त उपक्रममार्फत इन्जिनियरिङ प्रोक्युरमेन्ट कन्स्ट्रक्सन मोडलमा काम हुँदै छ ।

# स्पेसएक्सले २०२६ को अन्त्यसम्ममा मंगल ग्रहमा स्टारशिप पठाउने



वाशिङ्टन (संयुक्त राज्य अमेरिका) । स्पेसएक्सका संस्थापक एलन मस्कले आगामी वर्षको अन्त्यसम्ममा स्टारशिप रकेट मंगल ग्रहका लागि प्रस्थान गर्ने घोषणा गरेका छन् । शनिवार सामाजिक सञ्जाल एक्समा उनले भने, 'स्टारशिप आगामी वर्षको अन्त्यतिर मंगल ग्रहका लागि प्रस्थान गर्नेछ, जसमा टेस्लाको ह्युमानोइड रोबोट अप्टिमस रहनेछ । ती अवतरण सफल भएमा मानव अवतरण सन् २०२९ सम्म शुरू हुन सक्छन्, यद्यपि सन् २०३१ सम्म बढी सम्भावित देखिन्छ ।'

मस्कले टेस्लाद्वारा निर्मित अप्टिमस रोबोट भविष्यमा साधारण श्रमका साथै मित्रताको माध्यमका रूपमा पनि उपयोगी हुने बताएका छन् । अनुमानित रूपमा यी रोबोटको मूल्य २० हजारदेखि ३० हजार अमेरिकी डलर रहनेछ ।

स्टारशिप विश्वकै सबैभन्दा ठूलो र शक्तिशाली रकेट हो, जसलाई भविष्यमा पूर्णरूपमा पुन: प्रयोगयोग्य बनाउने लक्ष्य छ । १२३ मिटर अग्लो यो रकेट मस्कको दीर्घकालीन मंगल बसोबास योजनाको प्रमुख हिस्सा हो ।

नासाले पनि आफ्नो आर्टेमिस कार्यक्रमअन्तर्गत चन्द्रमामा अन्तरिक्षयात्रीहरू पठाउने उद्देश्यका लागि स्टारशिपको परिमार्जित संस्करणको प्रतीक्षा गरिरहेको छ । स्पेसएक्सले यी मिशनहरू अघि बढाउनुअघि स्टारशिपलाई पूर्ण रूपमा सुरक्षित, विश्वासिलो र अन्तरिक्ष इन्धन भरण प्रणालीका लागि सक्षम प्रमाणित गर्नुपर्नेछ ।

संघीय उड्डयन प्रशासनले स्पेसएक्सलाई पुन: उडान गर्ने अनुमति प्राप्त गर्नुअघि अनुसन्धान गर्नुपर्ने बताएको छ । मस्कको 'छिटो असफल हो, छिटो सिक' भन्ने रणनीतिले स्पेसएक्सलाई विश्वकै अग्रणी प्रक्षेपण सेवा प्रदायक बनाएको छ । *एजेन्सी*

# आजदेखि भारतबाट १२ घण्टा मात्र विद्युत् आयात

काठमाडौं (अस) । भारतबाट दैनिक २० घण्टा (साँझ ५ बजेदेखि राति ९ बजेसम्मबाहेक) विद्युत् आयात भइरहेकोमा आज (आइतवार)देखि दैनिक १२ घण्टा (बिहान ६ देखि साँझ ६ बजेसम्म) मात्रै विद्युत् आयात गर्न पाइने भएको छ । भारतले गत मङ्सिरमा दिएको विद्युत् आयात अनुमतिअनुसार नेपालले यही मार्च १६ देखि जुन ३० सम्ममा सोलार आवरमा मात्रै विद्युत् आयात गर्न पाउने भएको हो, अर्थात् अब साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म दैनिक १२ घण्टा भारतबाट विद्युत् आयात गर्न पाइने छैन ।

भारतबाट विद्युत् आयातको समय दैनिक ८ घण्टा घटेसँगै लोडसेडिङ हुने आकलन गरिएको छ । तर, नेपाल विद्युत प्राधिकरणका प्रवक्ता चन्दन नाथ घोष लोडसेडिङ नहुने दाबी गर्छन् । 'साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म विद्युत् आयात गर्न नपाउँदा लोडसेडिङ हुँदैन ?' आर्थिक अभियानको जिज्ञासामा उनी भन्छन्, 'त्यो ठूलो कुरो होइन, बिजुली पुग्छ । लोडसेडिङ हुँदैन ।' केही उद्योगहरूमा भने सामान्य प्रभाव पर्न सक्ने घोषले बताए । लोकेसनका कारण ती उद्योगमा प्रभाव पर्न सक्ने उनको भनाइ छ । उनका अनुसार अहिले भारतबाट दिनमा ६०० मेगावाटसम्म र राति ४०० मेगावाटसम्म विद्युत् आयात हुने गरेको छ ।

# टेक्सास संसद्द्वारा 'नेपाली लुम्बिनी एड्भोकेसी डे' घोषणा

काठमाडौं । अमेरिकाको टेक्सास राज्य संसद्ले १३ मार्चलाई 'नेपाली लुम्बिनी एड्भोकेसी डे' घोषणा गरेको छ । टेक्सास राज्य संसद्को प्रतिनिधिसभाको १३ मार्चमा (बिहीवार) सम्पन्न बैठकले 'नेपाली लुम्बिनी एड्भोकेसी डे' को मान्यता दिने संकल्प प्रस्ताव ५३० पारित गर्दै उक्त घोषणा गरेको हो । उक्त संकल्प प्रस्ताव पारित भएपछि टेक्सास राज्य संसद्बाट 'नेपाली लुम्बिनी एड्भोकेसी डे'ले औपचारिक मान्यता पाएको छ ।

'नेपाली लुम्बिनी एड्भोकेसी डे'सम्बन्धी प्रस्ताव पाकिस्तानी मूलका टेक्सासका राज्य सांसद सुलेमान लालानीले संसद् बैठकमा पेश गरेका थिए । उक्त प्रस्ताव संसद् बैठकबाट पारित हुँदा अमेरिका भ्रमणमा रहेका नेपालको लुम्बिनी सर्किटअन्तर्गत पर्ने पाँचओटा नगरपालिकाका मेयर पनि उपस्थित थिए । प्रस्तावमा लुम्बिनीलाई बौद्ध धर्मका लागि एक अत्यन्त पवित्रस्थल भएको भन्दै सिद्धार्थ गौतमको जन्मस्थलको रूपमा मान्यता प्राप्त रहेकोमा विशेष जोड दिइएको छ । यस क्षेत्रलाई संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)को विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको तथा बौद्ध धर्मावलम्बीको प्रमुख आध्यात्मिक गन्तव्य रहेको उल्लेख गरिएको छ ।

टेक्सासको ८९औं संसद्को प्रतिनिधिसभाले मार्च १३, २०२५ लाई 'नेपाली लुम्बिनी एड्भोकेसी डे'को रूपमा औपचारिक मान्यता दिएको र लुम्बिनीको प्रचार प्रसारका लागि भ्रमण गर्ने नेपाली मेयरहरूको प्रतिनिधिमण्डललाई स्वागत गर्ने समेत संकल्प प्रस्तावमा उल्लेख गरिएको छ । लुम्बिनी सर्किटअन्तर्गतका पाँचओटा नगरपालिकाका मेयरहरूसहितको प्रतिनिधिमण्डल अमेरिकाको टेक्सासमा रहेको अवसरमा गैरआवासीय नेपाली संघ, अमेरिकाका उपाध्यक्ष तथा पर्यटन विभागमा प्रमुख नेत्र पाण्डे, नागरिक अगुवा प्रभात दीक्षितले उक्त संकल्प प्रस्ताव पारित गराउन पहल गरेका थिए । नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले हरेक वर्ष १३ मार्चमा टेक्सास राज्यमा नेपाली समुदायको तर्फबाट 'नेपाली लुम्बिनी एड्भोकेसी डे' मनाइने गैरआवासीय नेपाली संघ अमेरिकाका उपाध्यक्ष तथा पर्यटन विभागमा प्रमुख नेत्र पाण्डेले बताए । *रासस*

तथ्यांकोवाच

## ऊन तथा ऊनका फेब्रिकको विश्व आयात बजार १० अर्ब ९१ करोड अमेरिकी डलर

वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित ऊन तथा ऊनका फेब्रिकको विश्व आयात १० अर्ब ९१ करोड अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको ऊन तथा ऊनका फेब्रिक क्षेत्रमा नेपालले पनि आफ्नो क्षमता भ्याउने क्षेत्रमा उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुकहरू | हजार अर्ब अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | भन्सार दर प्रतिशत |
|---|---|---|---|---|
| विश्व | १०,९०७,४१९ | | १०० | |
| चीन | २,७८६,४९५ | -७३१,७८९ | २५.५ | २३.८ |
| इटाली | १,६७४,९८३ | ४८५,९७५ | १५.४ | १.१ |
| जर्मनी | ५०४,१७८ | -४२,२५२ | ४.६ | १.१ |
| संयुक्त अधिराज्य | ३५७,२०८ | ३४,२५० | ३.३ | ०.७ |
| टर्की | ३५०,७७४ | -२५२,१६३ | ३.२ | २.६ |
| भारत | ३१८,८२४ | -१४६,२०१ | २.९ | ५.६ |
| जापान | ३१७,३८९ | -१८६,७८८ | २.९ | २ |
| रोमानिया | २८४,८९२ | -१०३,६४२ | २.६ | १.१ |
| कोरिया, गणतन्त्र | २७०,७७१ | -२१६,४६८ | २.५ | ४.५ |
| फ्रान्स | २५६,४२३ | -१४४,००१ | २.४ | १.१ |
| भियतनाम | २५३,२९४ | -२१९,४८२ | २.३ | ७.८ |
| संयुक्त राज्य अमेरिका | २५०,७६७ | -१८८,६९६ | २.३ | ५.७ |
| चेक गणराज्य | २४७,१०५ | १०१,७९३ | २.३ | १.१ |
| हङकङ, चीन | १७८,२७६ | -६३,४३८ | १.६ | ० |
| बुल्गेरिया | १६४,६२४ | -१९,२६८ | १.५ | १.१ |

| आयातकर्ता मुलुकहरू | हजार अर्ब अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | भन्सार दर प्रतिशत |
|---|---|---|---|---|
| मोरक्को | १५८,२३९ | -१४७,१६७ | १.५ | ३.७ |
| डेनमार्क | १५०,२८४ | -८५,२६८ | १.४ | १.१ |
| पोल्याण्ड | १४६,२९७ | -५९,९२३ | १.३ | १.१ |
| पोर्चुगल | १४५,३८४ | -६१,६४८ | १.३ | १.१ |
| स्पेन | १३७,६४१ | -१५,३५० | १.३ | १.१ |
| लिथुआनिया | १०७,१९० | ११,२९९ | १ | १.१ |
| नर्वे | १०२,१०६ | -३४,९०४ | ०.९ | ० |
| बंगलादेश | ८४,१२५ | -८४,११३ | ०.८ | १४.४ |
| स्वीडेन | ८०,६०१ | -३०,८४६ | ०.७ | १.१ |
| थाइल्याण्ड | ७९,१०६ | -२३,३४७ | ०.७ | ३.१ |
| मडागास्कर | ७७,३३१ | -७७,२१६ | ०.७ | ६.८ |
| क्यानडा | ७५,०८९ | -५२,६७६ | ०.७ | ०.३ |
| इन्डोनेसिया | ७४,१३७ | -७३,७०३ | ०.७ | ७.५ |
| स्विट्जरल्याण्ड | ६६,३१७ | -३२,८८० | ०.६ | ० |
| अस्ट्रिया | ६२,३०७ | ९,६७० | ०.६ | १.१ |
| दक्षिण अफ्रिका | ५९,४०८ | ३०२,०१९ | ०.५ | ४.८ |
| नेदरल्याण्ड्स | ५७,६१९ | -२१,०४६ | ०.५ | १.१ |
| बेल्जियम | ५५,५१९ | ११,१७६ | ०.५ | १.१ |
| मेक्सिको | ४६,६६९ | ५,९७७ | ०.४ | ४.६ |
| नेपाल | ४३,५६० | -४२,९९४ | ०.४ | ८.९ |

*स्रोत : आइटिसी ट्रेडम्याप*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर